'पत्रकारितालाई मर्यादित बनाउँदै सत्यतथ्य सूचना... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ •अंक २२७ • २०८१ साल पुस २८ गते आइतबार (12 January, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'भैंसी-राँगा' छाड्न प्रहरीले रकम मागेको आरोप

**अनिल तिवारी**

वीरगञ्ज । पक्राउ गरेको भैंसी राँगा छाड्न सशस्त्र प्रहरीले दुई लाख रुपैयाँ माग गरेको आरोप लगाएको छ । जितपुरका भैंसी व्यापारी मोहम्मद हासिम अन्सारीले यस्तो आरोप लगाएका हुन् । वीरगञ्जमा शनिबार पत्रकार सम्मेलन गर्दै उनले सशस्त्र प्रहरीले भैंसी राँगा छाड्न दुई लाख माग गरेको बताए ।



सशस्त्र प्रहरीले अनावश्यक रुपमा भैंसी व्यापारीलाई दुःख दिएको बताउँदै व्यापारी मोहम्मद हासिमले भने, 'भैंसी ढुवानी गर्ने ट्रकका चालक र भैंसी धपाउने गोठालासँग सशस्त्र प्रहरीले दुईलाख रुपैयाँ दिए भैंसी छाड्ने कुरा गरिएको थियो, हामी मानेनौं दुःख दिने काम शुरु भएको छ ।

कागजपत्र सबै भए पनि प्रहरीले बिना कारण भैंसी र राँगा नियन्त्रण बजारबाट नियन्त्रणमा लिइएको उनले बताए । नियन्त्रमा लिइएको भैंसी र राँगा सशस्त्र प्रहरीले वीरगञ्ज भन्सार कार्यालयमा बुझाउन जाँदा ,सबै कागजपत्र प्रक्रियागत रुपमा पाइएकोले भन्सार कार्यालयले लिन नमाने पनि सशस्त्र प्रहरीले व्यापारीलाई फिर्ता पनि नदिएको व्यापारी अन्सारीले दुखेसो व्यक्त गरे ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट भिखमपुरले शुक्रबार ट्रक सहित ११ वटा भैंसी र ९ वटा राँगा नियन्त्रणमा लिएको थियो । भारतबाट तस्करी गरिएको आशंकामा सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट भिखमपुरले शुक्रबार ना ७ ख ६२८० नम्बरको ट्रकमा लोड गरिएका भैंसी र राँगासहित दुई जनालाई पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ४ मा रहेको पाडा बजारबाट नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि जिल्लामा पठाएको थियो ।

सशस्त्र प्रहरीले भने नियन्त्रणमा लिइएको भैंसी र पाडा सम्बन्धित निकायले नै अनुसन्धान कारबाही गर्ने जनाएको छ । तस्करी भएको सूचनाको आधारमा नियन्त्रणमा लिएर आवश्यक कारबाही अगाडि बढाइएको जनाएको छ ।

सशस्त्र प्रहरी बल १३ नम्बर प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले विशेष सूचनाको आधारमा नियन्त्रणमा लिने गरेकोले त्यसपछि वैध हो वा अवैध हो भन्ने अनुसन्धान गर्ने निकायले नै निर्क्योल गर्ने बताए ।

उनले कागजपत्र र प्रक्रिया मिलेको नमिलेको विषयमा सशस्त्र प्रहरीलाई अधिकार नभएकोले नियन्त्रणमा लिएर सम्बन्धित निकायमा बुझाउने काम मात्रै सशस्त्र प्रहरीको रहेको बताए । भन्सारले बुझ्न नमाने कारण सहित खुलाएर लेखेर दिनुपर्ने सशस्त्र प्रहरी उपरीक्षक धिमालको भनाइ छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पनि सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको भैंसी र राँगाको कागजपत्र हेर्दा सबै दुरुस्त रहेको पाइएको बताए ।

उनले सरसर्ती हेर्दा कागजपत्र सबै देखिएको छ । भीसीटीएस, भेटनरी, वडाको सिफारिसलगायतका सबै कागजपत्र भएकोले सो भैँसी राँगा तस्करी नभएको जस्तो देखिएकोले फिर्ता गरिएको बताए ।

## निर्माण व्यवसायीको चेतावनी बावजुद बजेट वक्तव्य संशोधनको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्माण व्यवसायीहरुले उपभोक्ता समितिमार्फत विकास निर्माणका कामहरु नगराउन मुख्यमन्त्री सतीशकुमार सिंहलाई ध्यानाकर्षण एवं सचेत गराए पनि प्रदेश सरकारले उपभोक्ता समितिबाट नै काम थाल्ने भएको छ ।

बजेट वक्तव्य संशोधन गरी उपभोक्ता समितिबाट नै काम गर्ने बाटो खोल्नका लागि मधेश प्रदेश सरकारले प्रदेशसभामा संकल्प प्रस्ताव लैजाने भएको स्रोतको दाबी छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यको १४७ नम्बर बुँदाको बाधा फुकाउने तयारी गरिरहेको सुइँको पाए पछि निर्माण व्यवसायीहरुले संयुक्त रुपमा उपभोक्ता समितिमार्फत व्यापक अनियमितता र विकास निर्माणका कमसल तथा गुणस्तरहीन कार्य हुने गरेकाले टेन्डर प्रक्रियामार्फत काम गराउन माग गरेका थिए ।

पूर्वअर्थमन्त्री भरतप्रसाद साहले ल्याएको बजेट वक्तव्यको १४७ नम्बर बुँदामा प्रतिस्पर्धा मार्फत मात्र विकास निर्माणका काम गराउने उल्लेख गरिएको छ ।

सो बुँदा संशोधनका लागि प्रदेशसभाको बैठकमा संकल्प प्रस्ताव लग्ने विषयमा सत्तागठबन्धनमा शुक्रबार नै सहमति भइसकेको छ । सत्तागठबन्धनको बैठकमा बजेट वक्तव्यको १४७ नम्बर बुँदाको बाधा फुकाउन संकल्प प्रस्ताव लग्ने सहमति भएको भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले जानकारी दिए ।

> मधेश प्रदेश सरकार आफ्नै नीतिबाट पछि हटेर उपभोक्ता समितिबाट काम गराउन संकल्प प्रस्ताव लग्ने तयारी गरेपछि यसको सर्वत्र आलोचना समेत हुन थालेको छ ।

सो बैठकमा जनमत पार्टी, नेकपा एमाले, नेपाली कांग्रेस र लोसपा नेपालका नेताहरु सहभागी थिए ।

भौतिक पूर्वाधार विकास मन्त्री यादवले संकल्प प्रस्तावको ड्राफ्ट समेत तयार भइसकेको बताउँदै समय अभावका कारण देखाएर शुक्रबार बसेको प्रदेशसभा बैठकमा पेश गर्न नसकेको जिकिर गरे ।

बजेट वक्तव्य संशोधनको सवालमा पारित भएको बजेट नै कानुन भएकाले त्यसलाई बाइपास गरेर अघि बढ्न नहुने सचिवहरुले मुख्यमन्त्री सिंहलाई सुझाव दिएका थिए । यसका साथै पुसको पहिलो साता बसेको सचिवस्तरीय बैठकबाट यसको बाधा फुकाउन सदनमै संकल्प प्रस्ताव लग्नुपर्ने पनि सुझाव मधेश प्रदेश सरकारलाई दिए । मुख्यमन्त्री सिंहले त्यतिबेला नै अर्थ मन्त्रालयलाई संकल्प प्रस्तावको ड्राफ्ट तयार गर्ने जिम्मेवारी दिइसकेको थियो ।

मधेश प्रदेश सरकार आफ्नै नीतिबाट पछि हटेर उपभोक्ता समितिबाट काम गराउन संकल्प प्रस्ताव लग्ने तयारी गरेपछि यसको सर्वत्र आलोचना समेत हुन थालेको छ ।

यता माओवादी केन्द्र संसदीय दलका नेता भरत प्रसाद साहले सदनमा शुक्रबार बोल्दै उपभोक्ता समितिबाट पुनः काम गराउने प्रयास भइरहेको भन्दै ध्यानाकर्षण गराएका थिए ।

उनले मन्त्रालयहरु टेण्डरमा नगएर उपभोक्ता समितिबाट हुने योजनाहरुको बैनाबट्टा भइसकेको र सांसदहरुले एउटा योजना पनि नआउने बताए ।






# पाँच महिनामा छ खर्ब ४० अर्ब ४३ करोड विप्रेषण भित्रियो

काठमाण्डु । चालु आर्थिक बर्षको मङ्सिर मसान्तसम्म रु छ खर्ब ४० अर्ब ४३ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार, समीक्षा अवधिमा विप्रेषण आप्रवाह चार दशमलव चार प्रतिशतले वृद्धि भएको छ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४ दशमलव दुई प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा



विप्रेषण आप्रवाह दुई दशमलव पाँच प्रतिशतले वृद्धि भई चार ४ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २१ दशमलव एक प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु छ खर्ब ९९ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु छ खर्ब ६९ अर्ब ७७ करोड रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या एक लाख ९० हजार तीन सय ८४ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार चार सय २५ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः एक लाख ७१ हजार नौ सय ७५ र एक लाख दुई हजार पाँच सय ४२ रहेको थियो।रासस

# 'आँखा उपचार गर्न विदेश जानुपर्दैन, विदेशी नै नेपाल आउन थालेका छन् '

काठमाण्डु । विदेशमा रहेका नेपालीले नेपाली नेत्रविशेषज्ञबाट आँखा उपचार सेवा लिन पाउने भएका छन् । नेपाल नेत्रज्योति सङ्घले विदेशमा बस्ने नेपालीलाई लक्षित गर्दै विदेशमा आँखा उपचार सेवा विस्तार गरेपछि विशेष गरेर वैदेशिक रोजगारीमा सम्लग्न नेपाली लाभान्वित भएका हुन् ।

सङ्घले पहिलो पटक यस्तो सेवा ओमानबाट सुरुआत गरिसकेको सङ्घका महासचिव भरतबहादुर चन्दले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घले अब छिट्टै थाइल्याण्ड र मलेसियामा आँखा उपचार सेवा थालनी गर्नेछ। महासचिव चन्दले भन्नुभयो, " नेपाली राजदूतावास, गैर आवासीय नेपाली सङ्घको सहकार्यमा सङ्घले विदेशमा आँखा उपचार सेवा विस्तार गरिसकेको छ।

सङ्घको आँखा उपचार सेवा सस्तो र गुणस्तरीय हुने भएकाले यसको माग विभिन्न देशमा बस्ने नेपालीबाट भैराखेको छ। पहिलो पटक ओमानबाट सेवा सुरुआत गरिसक्यौ, अब निकट भविष्यमा थाइल्याण्ड र मलेसियबाट पनि



आँखा उपचार सेवा थालिने गरिने छ । " नेत्रविशेषज्ञ प्राडा देवनारायण साहको अध्ययन अनुसार नेपालको आँखा स्वास्थ्य उपचार सेवा विश्वमै सस्तो र गुणस्तरीय रहेको छ।

यही कारण नेपालमा आँखा उपचार सेवा लिने विदेशीको स˜्या पनि वृद्धि भैराखेको छ। उहाँका अनुसार तेम्रो मुलुकबाट मात्र गत वर्ष दुईलाख ५० हजार विदेशी नागरिकले नेपालको आँखा अस्पतालबाट सेवा लिएका थिए।

अर्कोतर्फ सङ्घले मागका आधारमा विदेशमा आफ्ना नेत्रविशेषज्ञलाई पठाइ सेवा दिने समेत गरेको छ। गत असोजमा सङ्घद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन सस्थान तथा रिसर्च सेन्टर रण अम्बिका शाह आँखा अस्पताल भैरहवामा कार्यरत चिकित्सले बङ्गलादेशको ढाकास्थित नेशनल इन्टिच्यूट अफ अप्थाल्मोलोजीमा सेवा प्रदान गर्नुभएको थियो । नेपाली चिकित्सकले ढाकामा भएको आन्दोलनका क्रममा आँखामा चोट लागेर नानी च्यातिएका, नानीमा गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका ,नानीमा रगत जमेका लगायत समस्या देखिएका बिरामीको उपचार तथा शल्यक्रिया गरेका थिए।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले भन्नुभयो "पछिल्ला वर्षमा नेपाल आँखा उपचारको पर्यटन गन्तव्य अर्थात् 'आइ मेडिकल टुरिजम'को रुपमा विकसित हुँदै गएको छ। सन् २०२३ मा मात्र भारत र बंगलादेश सहित विभिन्न देशका आठलाख आँखाका बिरामीले सङ्घको सञ्जालमार्फत् आँखा उपचार गराएका छन्। "

नेपालको आँखा स्वास्थ्य सेवामा सबैभन्दा ठूलो संयन्त्र भएको सङ्घ अन्तर्गत हाल देशभर २८ आँखा अस्पताल, एकसय ६० आँखाउपचार केन्द्र तथा ४५ जिल्ला शाखा सञ्चालनमा रहेको छ।

विसं २०३५ मा स्थापना भएको सङ्घ ले हालसम्म नेपाली नागरिक तथा अन्य नागरिक गरी कूल चारकरोड ३६ लाख २६ आँखा बिरामीलाई उपचार सेवा प्रदान गरिसकेको छ । यसैगरी ५१ लाख ३३ हजार छसय ५९ जनाको शल्यक्रिया मार्फत आँखाको ज्योति फर्काउन सफल भएको छ।

सङ्घका उपाध्यक्ष श्यामकुमार पोखरेलले भन्नुभयो, "आँखा उपचार गर्न भनेर विदेश जानुपर्दैन, अब विदेशी नेपाल आउन थालेका छन् । आँखा स्वास्थ्य सेवामा नेपाल सक्षम भएको छ। "रासस

# 'निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि वामपन्थी ध्रुवीकरण आवश्यक'

देउखुरी। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि वामपन्थी ध्रुवीकरण आवश्यक रहेको बताउनुभयो। नेपाल बुद्धिजीवी परिषद् दाङ र नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन महेन्द्र बहुमुखी क्याम्पसको आयोजनामा शनिबार घोराहीमा



भएको अन्तरसंवाद कार्यक्रममा उहाँले मुलुकको समृद्धिका लागि बलियो निर्णायक राष्ट्रिय शक्ति अपरिहार्य रहेको बताउनुभयो।

महासचिव पोखरेलले एमालेले वामपन्थी ध्रुवीकरणको मुद्दालाई प्राथमिकतामा राखेको र राष्ट्रिय शक्ति निर्माणका लागि काम गरिरहेको बताउनुभयो। इतिहासबाट शिक्षा लिने र भविष्यको यात्रा तय गर्नुपर्ने भन्दै उहाँले कार्यकर्ताको माध्यमबाट ध्रुवीकरण गर्न एमालेको तयारी रहेको बताउनुभयो।

एक अर्को प्रशंगमा महासचिव पोखरेलले 'बिआरआई सम्झौता' बाट नेपालले नयाँ मान्यता स्थापित गरेको दाबी गर्नुभयो। "बिआरआई सम्झौताको मस्यौदा नेपाली कांग्रेस र एमालेको सहमतिमा गरिएको हो। नेपालको इतिहासमै पहिलोपटक नेपाल आँफैले तयार पारेको सम्झौतापत्रमा हस्ताक्षर भएको छ", उहाँले भन्नुभयो, "यसले प्रमुख पार्टी मिल्दा हरेक कुरा सम्भव हुँदोरहेछ भन्ने प्रमाणित भएको छ।

मुलुकको समृद्धि र स्थायित्वका लागि गठन भएको प्रमुख पार्टी सम्मिलित यो सरकार निश्चित उद्देश्य पूरा गर्नतर्फ अग्रसर छ।" रासस

# अध्यक्ष शर्मा र झा सम्मानित टुडे समाचारदाता

जनकपुरधाम। नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा र राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झालाई 'उमा सिंह राष्ट्रिय पत्रकारिता सम्मान' बाट धनुषा पत्रकार महासंघले सम्मान गरेको छ।

सो कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष उमेश साहलाई पनि सम्मान गरिएको छ।

अध्यक्ष शर्माको प्रमुख आतिथ्यमा महावीर युवा कमिटीले ११ हजार रुपैयाँ नगदसहित पूर्वअध्यक्ष साहलाई सम्मान गरेको थियो।

सो अवसरमा राससका कार्यकारी अध्यक्षसमेत रहेका



नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष झाले शहीद पत्रकार उमा सिंह हत्याको पुनः छानबिन हुनुपर्नेमा जोड दिए। यसका साथै अध्यक्ष झाले पत्रकारको हकहित एवं सुरक्षामा राज्यका निकायहरु गम्भीर हुनुपर्ने बताए।

सो कार्यक्रम नेपाल पत्रकार महासंघ धनुषाका शाखाका अध्यक्ष पुरन साहको अध्यक्षतामा भएको थियो।

# राप्रपाले मनाए पृथ्वी जयन्ती

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय प्रजातन्त्र पार्टीले ३०३ औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाएको छ।

राजविराजमा शनिबार राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीका अध्यक्ष उम्देश्वर प्रसाद साहको अगुवाइमा पृथ्वीनारायण शाहको जन्म जयन्ती दिवस मनाउने क्रममा सहभागीहरुले राजसंस्थाको



पुनःस्थापनाको मागसहित र्‍याली निकालेका छन्।

पृथ्वी नारायण शाहको चित्रसहित उल्लेख्य संख्यामा र्‍यालीमा सहभागि राप्रपाका नेता, कार्यकर्ता र राजावादीहरुले राजसंस्था पुनःस्थापना गर, राजा आऊ देश बचाऊ, प्रदेश संरचना खारेज गर, हिन्दु राष्ट्र कायम गर, भ्रष्टाचारीलाई कारवाही गर, स्व. राजा पृथ्वी नारायण शाह अमर रहुन् लगायतका नाराबाजी गर्दै नगर परिक्रमा गरेका थिए।

नगर परिक्रमा पश्चात् पार्टी कार्यालयमा स्व. तत्कालिन राजा शाहको तस्बिरमा माल्यार्पण गरि सुरु भएको कार्यक्रममा राप्रपाका केन्द्रीय सदस्य जया महतो, प्रदेश सदस्य नागेन्द्र साह, क्षेत्रिय अध्यक्ष नारायण बहादुर मिश्र, अशोक साह, थलेश्वर यादव, नगर अध्यक्ष दिगम्बर साह, श्रीकृष्ण राउत, परमेश्वर साह, सहसचिव सुरेश साह, कोषाध्यक्ष नवीन मण्डल लगायतले बोल्दै मुलुकलाई संकटबाट जोगाउनु पर्ने बताएका थिए।

उनीहरुले मुलुकको वर्तमान आर्थिक अवस्थाले प्रदेशको संरचना अब धान्न नसकिने अवस्थामा पुगेको भन्दै सात वटै प्रदेश खारेजीको माग समेत गरे । सबै जातजाती र भाषाभाषीको सहयोग लिएर नेपाल एकीकरणको श्री गणेश गरेका पृथ्वी नारायण शाहको सम्झनामा प्रत्येक वर्ष पुस २७ गते धुमधामका साथ पृथ्वी जयन्ती दिवस मनाएको छ।

# नेपाली चलचित्रका लागि चीनको बजार कति सम्भव ?

काठमाण्डु। सन् २०२४ को तथ्याङ्कलाई हेर्ने हो भने चीनमा ८६ हजार पर्दा (थियटर स्क्रीन) रहेको छ। चिनियाँ चलचित्रकर्मीको भनाइलाई आधार मान्ने हो भने चलचित्रको लागि विश्वकै ठूलो बजार चीन हो । त्यहाँ एक वर्षमा विदेशी चलचित्र प्रदर्शन हुन् पाउनेको स˜्या ३४ मात्र रहेको छ।

भारतकै सर्वाधिक व्यापार गर्ने चलचित्र 'दङ्गल' पनि चीनमा प्रदर्शन भएकै कारण इतिहास रच्न सफल भएको थियो। भारतीय मात्र नभई अमेरिकन (हलिउड) चलचित्र पनि न्यून मात्रमा चीनमा प्रदर्शन हुने गरेको छ। त्यहाँ नेपाली चलचित्र प्रदर्शन गर्न सकिने अवस्था छ त ? नेपालमा पहिलोपटक पुस २५ मा चाइना फिल्म एडमिनिस्ट्रेशन, यहाँस्थित चिनियाँ राजदूतावास, चाइना फिल्म आर्काइभ र नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानद्वारा संयुक्तरूपमा आयोजित एकदिवसीय 'चीन चलचित्र दिवस' सहभागी हुन् आउनुभएका वितरक कम्पनी टाइगर पिक्चर्स इन्टरटेनमेन्टका उपप्रमुख (भाइस प्रेसिडेन्ट) ओवेन यङले



> चाइना चलचित्र प्रसाशन (फिल्म एडमिनिस्ट्रेसन) का अन्तर्राष्ट्रिय विभाग निर्देशक सु याङले गत वर्ष (सन् २०२४)मा नेपालमा "पूर्णबहादुरको सारङ्गी" र "१२ गाउँ"जस्ता चलचित्र सफल भएकाले चीनको बजारतर्फ प्रयाश गर्न नेपाली चलचित्रकर्मीलाई आग्रह गर्नुभयो ।

पछिल्ला केही वर्षमा नेपाली चलचित्रले राम्रो गरिरहेको आफूले थाहा पाएको बताउनुभयो।

उहाँले भन्नुभयो, "मैले हङकङ र अमेरिकाको बजारमा नेपाली चलचित्रको बारेमा सुनेको छु । विशेषत द्वन्द्व प्रधान र सामाजिक 'ड्रामा' भएका चलचित्रमा स्तरीयता थपिएको मैले महसुश गरें । यसकारण नेपाली चलचित्रको भविष्य निकै राम्रो छ भन्ने मैले महसुश गरेको छु। यस्तै महोत्सवमार्फत हामीले कला र संस्कृतिसँगै एक आपसमा चलचित्र बजार खोज्न सक्छौँ। नेपालीका लागि चीनको बजार नयाँ छ भने हाम्रो लागि नेपालको बजार पनि नयाँ नै छ।"

उहाँले चीनका दर्शकले रोमान्टिक, एक्सन र थ्रिलर विधाका चलचित्र रुचाउने जानकारी दिनुभयो । विशेषत आउँदो मार्च महिनामा हङकङ र चीनकै बेइजिङमा हुने चलचित्र महोत्सवमा सहभागी भएर नेपाली चलचित्रको प्रचार गर्नुकासाथै स्थानीय वितरक र प्रदर्शकसँग भेटघाट गर्न सकिने उहाँले बताउनुभयो।

"चीनमा प्रदर्शन भएका विदेशी चलचित्रले राम्रो फाइदा लिएका छन्। यसकारण नेपाली चलचित्रकर्मी त्यहाँ पुगेर स्थानीय वितरकसँग सहकार्य गर्न सकेमा नयाँ सम्भावनालाई नकार्न सकिँदैन। विशेषत चलचित्रको छायाङ्कन अगावै त्यहाँ पुगेर स्थानीयलाई भेट्नु उपयुक्त हुन्छ । किनकि स्थानीयको सहभागिताले प्रदर्शनमा सहजता दिनेछ", उहाँले भन्नुभयो।

वितरक यङले निकट भविष्यमा नेपाली चलचित्रकर्मीसँग सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो । चाइना चलचित्र प्रसाशन (फिल्म एडमिनिस्ट्रेसन) का अन्तर्राष्ट्रिय विभाग निर्देशक सु याङले गत वर्ष (सन् २०२४)मा नेपालमा 'पूर्णबहादुरको सारङ्गी' र '१२ गाउँ'जस्ता चलचित्र सफल भएकाले चीनको बजारतर्फ प्रयाश गर्न नेपाली चलचित्रकर्मीलाई आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "हाम्रो चिनियाँ चलचित्र उद्योग सबैका लागि खुल्ला छ, हामी सबैलाई अवसर दिने गरेका छौँ। यस्ता महोत्सवले हाम्रो दुई देशको चलचित्रलाई आदानप्रदान गर्ने विश्वाश लिएको छु । नेपाली चलचित्रकर्मीले प्रयाश गर्नुभएमा चीन पनि नेपाली चलचित्रका लागि बजार बन्न सक्नेछ । यसका लागि दुई देशबीच यस्तै महोत्सव हुनु आवश्यक छ।"

उहाँले चिनियाँ चलचित्र नेपालमा छायाङ्कनका लागि आउने र नेपालको सुन्दरतालाई विश्वभर पु¥याउने गरेको बताउनुभयो । उहाँले चिनियाँ चलचित्रले नेपालको पर्यटन प्रवर्द्धनमा भूमिका निर्वाह गर्दै आएकोमा जोड दिनुभयो।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष तथा चलचित्र निर्देशक केपी पाठकले नेपाली चलचित्रकर्मीका लागि चीनमा बजार खोज्ने सम्भावनालाई गति दिने काम 'चीन चलचित्र दिवस' ले गरेकोमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "चीनका चलचित्र यहाँ प्रदर्शन भएका थिएनन्, यस किसिमको कार्यक्रम पहिलोपटक भएको छ । यसले दुई देशबीच सामीप्यता बढाउने मात्र नभई चलचित्र आदानप्रदानका लागि संवाद गर्ने अवस्था सिर्जना गरेको छ।

हामीले त्यहाँ केही चलचित्रलाई पु¥याउन सकेमा हाम्रो चलचित्र उद्योग नयाँ युगमा प्रवेश गर्नेछ। नेपाल र चीनबीच सहकार्यको समृद्ध इतिहास छ।"

एकदिवसीय 'चीन चलचित्र दिवस'का लागि प्रसिद्ध अभिनेत्री यु हङ, चाइना फिल्म एडमिनिस्ट्रेसनका बजार विभागका उपनिर्देशक झेङ झेङ, निर्देशक जिङ जिआओ, पटकथा लेखक लु वेइ, निर्देशक झाङ गुदोङ, निर्देशक झाङ युडीसहित १४ चिनियाँ चलचित्रकर्मी नेपाल आउनुभएको थियो।रासस


ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ । सोचेका काम बन्नेछन् ।

वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ ।

मिथुन : साना कुराले मन अशान्त बन्नेछ ।

कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ ।

सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ ।

कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ ।

तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ ।

वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ ।

धनु : दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ


मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो ।

कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ ।

मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



भारतको अयोध्यास्थित **श्रीराम मन्दिरको प्राणप्रतिष्ठाको** वर्षगाँठका अवसरमा **जानकी मन्दिरमा** भव्य दीपोत्सवको आयोजना गरिएको छ। *तस्बिर : संजय कुमार यादव*

# सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी स्थापनाको आशा निराशातिर

जलेश्वर । महोत्तरीको जलेश्वर नगरपालिका-२ मा किराना व्यापार गर्दै आएका प्रेमचन्द्र साह जलेश्वर भन्सार क्षेत्रमा सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी स्थापना हुने कुराले निकै खुसी हुनुहुन्थ्यो । भारतलगायत तेस्रो मुलुकसँगको व्यापार, व्यवसाय सोझै नजिकैको जलेश्वर भन्सारबाट गर्न पाउने खबरले जलेश्वर-२ मै जेनेरल स्टोर्स सञ्चालन गर्दै आएका जलेश्वर उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष कृपाशङ्कर साह पनि निक्कै उत्साहित हुनुभएको थियो ।

महोत्तरीसहित पर्साको वीरगञ्जबाहेक तराई मधेसका धनुषा, सिरहा, सप्तरी, सुनसरी, सर्लाही र रौतहटका साथै पहाडी जिल्ला सिन्धुली, रामेछाप, दोलखा, उदयपुर, खोटाङलगायत जिल्लालाई भारत र तेस्रो मुलुकसँगको व्यापार व्यवसाय सहज हुनेगरी निर्माण हुन लागेको सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माण हुने खवरले ती जिल्लाका दर्जनौं व्यापारी, व्यवसायीहरू उत्साहित भएका थिए ।

सो विषयमा आधारित भएर पाँच/सात वर्षअघि जनकपुरदेखि जलेश्वर र ढल्केबरलाई फराकिलो सडक सञ्जालले जोड्दा व्यवसायी थप उत्साहित भएका थिए । जनकपुर-ढल्केबार सकडखण्ड छ लेन, जनकपुर-जलेश्वर सडकखण्ड चार लेन सडक फराकिलो भएपछि जलेश्वर भन्सार नाकामा सुक्खा बन्दरगाह (आइसिडी) र एकीकृत जाँचचौकी (आइसिपी) सञ्चालन हुने र यस क्षेत्रको व्यापार गुल्जार हुने सपना थियो ।

सडक विस्तारको काम सकिनै लाग्दा नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा सन २०२७ सम्म योजना सम्पन्न हुनेगरी जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह सञ्चालन गर्ने योजना पनि ल्याएको थियो । सोही कारण यस क्षेत्रको व्यापार फष्टाउनेमा व्यवसायी आशावादी र विश्वस्त भए ।



तर आव २०८१/०८२ चलिरहँदा पनि नेपाल सरकारले ल्याएको योजना सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकीको निर्माण अन्योलमा परेपछि व्यवसायीहरू निराश भएका छन् । माथि उल्लेखित क्षेत्रका लाखौं जनतासहित सो क्षेत्रम व्यापार/व्यवसाय गर्दै आएकाहरूको आशा निराशातिर तानिएको छ ।

सुक्खा बन्दरगाह निर्माणका लागि पटक-पटक सङ्घीय सरकारसहित विभिन्न निकायमा पत्राचार र ज्ञापनपत्र बुझाउँदा प्रक्रिया अगाडि नबढेको जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष ज्ञवाली बताउनुहुन्छ । उहाँले सुक्खा बन्दरगाह बनेपछि यस क्षेत्रको आर्थिक विकासमा टेवा पुग्नुका साथै व्यापारीलाई व्यवसाय गर्न सहज हुने बताउनुहुन्छ ।

जलेश्वर भन्सार महोत्तरी जिल्ला र धनुषा जिल्लाको प्रमुख नाकासमेत भएकाले व्यापारीको तेस्रो मुलुकसँगको व्यापार पनि यसै भन्सारबाट हुनेछ । तेस्रो मुलुकबाट हुने व्यापारका लागि नेपाल सरकारको नीति तथा कार्यक्रममा जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह सञ्चालन गर्ने योजना ल्याइए पनि हालसम्म योजनाको काम अगाडि बढ्न सक्नु निक्कै दुःखद् कुरा रहेको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो ।

सुक्खा बन्दरगाहका लागि भारतको विहार राज्यको सीतामढीको भिठामोडमा भारतीय भन्सारले भिठामोडमा जग्गा अधिग्रहणको प्रक्रिया पूरा गरी पर्खाल निर्माण पनि गरिसकेको छ तर नेपालतर्फ सुक्खा बन्दरगाहका लागि जग्गा सर्वेक्षणमै सीमित छ । नेपाली पक्षले महोत्तरीको जलेश्वर नगरपालिका-३ स्थित मलिवारामा ६५ बिघा क्षेत्रफलमा निर्माण हुने सुक्खा बन्दरगाहको प्रक्रिया सुरू गरे पनि काम गति लिन सकेको छैन ।

सुक्खा बन्दरगाहका लागि 'इन्टर मोडेल यातायात विकास समिति' ले तयार पारेको सर्वेक्षण प्रतिवेदन उद्योग मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगे पनि प्रक्रिया अगाडि बढेको छैन । अर्थ मन्त्रालयले सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माणसम्बन्धी र त्यसको विविध पक्षबारे राय भन्सार विभागबाट राय मागी सकेको छ । तर पनि प्रक्रिया अगाडि नबढेपछि उद्योगी व्यवसायी आक्रोशित भएका छन् ।

भारतको पश्चिम बङ्गालको हलदिया बन्दरगाहबाट वीरगञ्ज हुँदै काठमाडौंसम्म मालसामान दुवानी गर्दा एक हजार एक सय १९ किमी दूरी पर्छ । तर भारतको पश्चिम बङ्गालको हलदिया बन्दरगाहबाट बरौनी, समस्तीपुर साहरघाट हुँदै जलेश्वर भन्सार कार्यालयबाट बर्दिवास, सिन्धुली हुँदै काठमाडौंसम्मको दूरी आठ सय ८१ किलोमिटर मात्र छ । वीरगञ्जभन्दा जलेश्वरबाट काठमाडौंको दूरी दुई सय ३८ किलोमिटर दूरी कम पर्नेछ ।

मधेस प्रदेशमा वीरगञ्जमा मात्र सुक्खा बन्दरगाह छ । प्रदेशका पूर्वी जिल्लामा व्यापार व्यवसाय असहज र झन्झटिलो भएको जनाउँदै व्यापारीले जलेश्वर नाकामा सुक्खा बन्दरगाह थप्न आग्रह गरेपछि आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा सन् २०२७ सम्म योजना सम्पन्न हुनेगरी जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह सञ्चालन गर्ने योजना ल्याइएको थियो । यस क्षेत्रका व्यापारी व्यवसायीले नेपाल सरकारले ल्याएको जलेश्वर भन्सार कार्यालयमा सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माणको कार्य चाँडोभन्दा चाँडो सुरूआत गर्न माग गर्दै सम्बन्धित सबै सरोकारवाला निकायसँग ध्यानाकर्षणको लागि आग्रह गरेका छन् ।रासस

# देशका खोलानालामा आवश्यक वातावरणीय बहाव कम भएकामा जलस्रोतविद्हरुको चिन्ता

काठमाण्डु । जलविद्युत् वा सिँचाइका लागि नदी तथा खोलाको पानी अन्यत्र सोझ्याउनुअघि खोलानालामा पर्याप्त वातावरणीय बहाव (ई-फ्लो) कायम गर्न आवश्यक पहल हुन नसकेको भन्दै जलस्रोतविद् हरुले चिन्ता व्यक्त गरेका छन् ।



वातावरणीय बहाव भन्नाले नदी वा खोलाको पारिस्थितिकीय प्रणाली र यस प्रणालीमा निर्भर मानव जीविकोपार्जन कायम राख्न आवश्यक पानीको बहावको मात्रा, समय र गुणस्तरलाई बुझाउँछ । दक्षिण एसियाका सन्दर्भमा नदीको बहावसँग सांस्कृतिक र अध्यात्मिक आवश्यकता पनि यससँग जोडिएको छ । वातावरणीय बहावको कार्यान्वयनका लागि मानव विकास, नदिको प्रयोग वा डाइभर्सन नगरी प्राकृतिक वा पुरानै बहावमा पुनर्स्थापित गर्न आवश्यक छैन, तर यसको सट्टा, खानेपानी, सिँचाइ वा ऊर्जामा मात्र केन्द्रित व्यवस्थापनभन्दा नदी तथा खोलाबाट प्राप्त हुने प्रत्यक्ष वा अप्रत्यक्ष व्यापक लाभको पूर्ति हुने उद्देश्य राखिएको हुन्छ ।

जलविद्युत्, सिँचाइ वा खानेपानी आयोजनासँग जोडिएका अधिकांश नदीनालामा खासगरी हिँउद र सुक्खा याममा वातावरणीय बहाव नगण्य वा शून्यमा झर्ने गरेको पाइएको छ । खोलानालाको यस्तो दोहन रोक्दै नदीलाई स्वस्थ राख्न तीनै तहका सरकार र स्थानीय समुदायले गम्भीर हुन आवश्यक रहेकामा विज्ञहरूले जोड दिएका हुन् ।

अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था (इमी) का अनुसार नेपालमा करिब छ हजार नदीनाला छन् । तीमध्ये अधिकांश हिमालको हिउँ पग्लिएर बग्ने गरेका छन् । पछिल्लो समयमा नेपालका कैयौं नदीमा जलविद्युत् आयोजना बनिसकेका छन् भने धेरै नदीमा त्यस्ता आयोजना बन्ने तयारी थालिसकिएको छ । केही ठूला नदीमा सिँचाइ आयोजनासमेत बनिरहेका छन् ।

तेइस वर्षअघि बनाइएको नेपालको जलविद्युत् नीतिमा हरेक आयोजनाले कम्तीमा १० प्रतिशत वातावरणीय बहाव कायम गर्नुपर्ने व्यवस्था गरिएको छ तर निकै कम नदी आयोजनाले मात्रै वातावरणीय बहाव कायम राख्न कम्तीमा १० प्रतिशत पानी बहन दिने गरेको विभिन्न अध्ययनले देखाएका छन् ।

जलविद्युत् उत्पादनका लागि नदीको पूरै बहाव सोझ्याएर पानीविहीन बनाइएका विभिन्न नदी खण्डमा माछा र अन्य जलचरमात्र होइन स्थानीय किसान समुदाय सिँचाइ सुविधा पाउनबाट वञ्चित हुनेक्रम बढिरहेको छ ।देशका नदीमा पर्याप्त वातावरणीय बहाव कायम गर्दै नदीको स्वास्थ्य संरक्षण तथा नदी तटीय क्षेत्रको पारिस्थितिकीय प्रणाली जोगाउन धेरै काम गर्न बाँकी रहेकामा विज्ञहरुले जोड दिएका छन् । इमी र जलस्रोत तथा सिँचाइ विभागले हालै राजधानीमा आयोजना गरेको कार्यशालामा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान विभागका सहायक प्राध्यापक दीपनारायण शाहले प्रस्तुत गर्नुभएको अध्ययनमा हाम्रो देशमा सञ्चालित करिब ८० प्रतिशत जलविद्युत् आयोजनाले वातावरणीय बहाव कायम गर्न कम्तीमा १० प्रतिशत नदीको पानी बग्न दिनुपर्ने नियमको पालना नगरेका उल्लेख छ । "हामीले हालै ५० वटा जलविद्युत् केन्द्रको अध्ययन गरेका थियौं । अधिकांशले वातावरणीय बहाव कायम राख्न आवश्यक पानी छोडेका छैनन् ।"

> इमी र जलस्रोत तथा सिँचाइविभागले हालै राजधानीमा आयोजना गरेको कार्यशालामा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान विभागका सहायक प्राध्यापक दीपनारायण शाहले प्रस्तुत गर्नुभएको अध्ययनमा हाम्रो देशमा सञ्चालित करिब ८० प्रतिशत जलविद्युत् आयोजनाले वातावरणीय बहाव कायम गर्न कम्तीमा १० प्रतिशत नदीको पानी बग्न दिनुपर्ने नियमको पालना नगरेका उल्लेख छ ।

इमीको अर्को अध्ययनअनुसार नियम, निर्देशिका र अनुगमनको अभावका कारण वातावरणीय बहावबारे नियमको पालना हुन नसकेको हो । जलविद्युत्मा निर्भर देशका तीन हजार मेगावाट क्षमताका करिब एक सय ६० जलविद्युत् केन्द्र निर्माण भइसकेका छन् भने १० हजार मेगावाट क्षमताका विभिन्न आयोजना निर्माणाधीन छन् । करिब आठ हजार मेगावाट क्षमताका आयोजना निर्माण गर्न आवश्यक सर्वेक्षण भइरहेको छ ।

काठमाडौं विश्वविद्यालयकी सहायक प्राध्यापक रामदेवी तचमो शाहको भनाइमा हरेक नदीको स्वास्थ्य जोगाउन वातावरणीय बहाव कायम राख्ने नियमको पालना हुनुपर्छ । त्यसका लागि जनतालाई सचेत गराउने तथा सरोकारवालाहरूलाई प्रशिक्षण दिन जरुरी छ ।

कार्यशालामा सहभागी विज्ञ तथा अधिकारीहरूले जलविद्युत्, सिँचाइ वा खानेपानी आयोजना निर्माण गर्नेक्रममा दिगो हिसाबले हरेक नदीलाई जीवित राख्ने सुनिश्चित गरेर मात्रै पानीको उपभोग गर्नुपर्नेमा जोड दिए।

उनीहरूका भनाइमा नेपालको संसद्मा विचाराधीन नयाँ जलस्रोत विधेयकमा वातावरणीय बहावको विषयलाई सम्बोधन गरिएमा मुलुकका नदीनालाको दिगो संरक्षण हुन सक्छ ।

पूर्वजलस्रोतमन्त्री दीपक ज्ञवाली मुलुकका नदीनालासँग जोडिएका आयोजनालाई दिगो बनाउनका लागि तिनको 'स्थानीयकरण' गर्नु सर्वोत्तम उपाय हुनेछ ।

त्यसक्रममा परियोजनाहरु निर्माण गर्नुअघि गरिने वातावरणीय प्रभाव मूल्याङ्कन अर्थात् इआईए बनाउँदा र यसको कार्यान्वयन गर्दा जतिसक्दो धेरै स्थानीयवासीका चासोलाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुहुन्छ ।रासस

# पत्रकारिताको विकासले पारदर्शिता सुनिश्चित गर्छः स्वास्थ्यमन्त्री पौडेल

डुम्रे । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पत्रकारिताको विकासले पारदर्शिता सुनिश्चित गर्नसक्ने बताउनुभएको छ ।

नेपाल पत्रकार तनहुँ शाखाका नवनिर्वाचित पदाधिकारी, सदस्यसँगको भेटमा मन्त्री पौडेलले पत्रकारिताको विकासले नै पारदर्शितालाई सुनिश्चित र भ्रष्टाचारलाई न्यूनीकरण गरी सुशासन सुनिश्चित गर्नसक्ने धारणा राख्नुभएको हो ।

"पत्रकारिताको विकासले मात्रै देशमा पारदर्शिता सुनिश्चित गर्न सक्छ, देशमा हुने गरेका भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न सक्छ", मन्त्री पौडेलले भन्नुभयो, "पत्रकारको अधिकार र सुनिश्चितताता रक्षाका निम्ति राज्यको पहल जरुरी छ ।"क्रियाशील तथा श्रमजीवी पत्रकारको प्रभावले नै मुलुकमा लोकतन्त्र ल्याउनमा पनि पत्रकारिताको भूमिका रहेको उहाँको भनाइ थियो ।

मन्त्री पौडेलले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शय्याको अस्पताल बनाउन पूर्वाधार र उपकरण सहयोग गर्ने सम्झौता भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "भारत सरकारले उपचार केन्द्रलाई उपकरणसहित सहयोग गर्ने भएको छ, भारतीय स्वास्थ्य मन्त्रालयमा योजना पुगेको र अबको केही दिनमा द्विपक्षीय सम्झौता हुनेछ ।"

उहाँले दमौली अस्पतालको विकासका लागि जग्गा विवाद समाधानका निम्ति अबको मन्त्रिपरिषद् बैठकमा छलफल अगाडि बढाउने प्रक्रिया भएको बताउनुभयो । "मन्त्रिपरिषद्बाट समस्या समाधान गरी आगामी आर्थिक वर्षमा दमौली अस्पताललाई सुविधा सम्पन्न अस्पताल बनाउन बजेटको व्यवस्थापनमा पहल गर्नेछु", उहाँले भन्नुभयो ।

सरकार सुधारिएको स्वास्थ्य क्षेत्र बनाउने उद्देश्यले सबै अस्पताल तथा स्वास्थ्य क्षेत्रको सेवा सहज र सरल बनाउन प्रतिबद्ध रहेको उहाँको भनाइ छ । साथै उहाँले रु पाँच लाख पुर्‍याउने गरी एकीकृत बिमाको व्यवस्थापकीय प्रक्रिया अगाडि बढिसकेको जानकारी दिनुभयो ।रासस

# संसद्को बैठक चाँडै आह्वान हुने सभापति खतिवडाको विश्वास

काठमाण्डु । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले संसद्को बैठक यथाशीघ्र आह्वान हुने विश्वास व्यक्त गर्नुभएको छ ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले शनिबार आयोजना गरेको जलपान कार्यक्रममा पत्रकारसँग कुरा गर्दै सभापति खतिवडाले संसद् समयमा सञ्चालन नहुँदा कतिपय विधेयक अलपत्र परेका बताउनुभयो ।

सरकारले यथाशीघ्र संसद् बैठक आह्वान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सभापति खतिवडाले कतिपय विधेयकका बारेमा राज्यव्यवस्था तथा सुशासन समितिमा छलफल भइरहेको जनाउँदै एउटा संसद् पछि अर्को संसद् छ महिनाभित्र बोलाउनुपर्ने संवैधानिक अवस्था अनुसार यथाशीघ्र बैठक आह्वान गर्नुपर्नेमा जोड दिनुभयो । रासस

## Helen Keller International Nepal

## VACANCY ANNOUNCEMENT

HELEN KELLER INTL

Guided by the remarkable legacy of its co-founder, Helen Keller, Helen Keller Intl partners with communities striving to overcome long standing cycles of poverty. By delivering the essential building blocks of good health, sound nutrition and clear vision, we help millions of people create lasting change in their own lives. With over 35 years of experience in Nepal, we are ensuring every person has the opportunity – as Helen did – to reach their true potential.

USAID Integrated Nutrition's primary goal is to improve the nutrition status of women, adolescents, and children in Nepal's underserved and marginalized communities.

We are seeking passionate, creative and dedicated individuals to join us in the USAID Integrated Nutrition project in Nepal for the following position:

| Position | No. | Location |
|---|---|---|
| Nutrition Governance Specialist | 1 | Madesh Province |

**To Apply** - Qualified candidates should visit https://www.p2p.com.np/ to fill out the application form and submit a cover letter and resume for the interested position by January 26, 2025.

**In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.**

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
## शाखा कार्यालय, बर्दिवास, महोत्तरी
फोन नं. ०४४-५५०१४६

NATHM centre of excellence Bardibas


**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशित मिति : २०८१/०९/२८**

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश सरकारको पूर्ण लागतमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान शाखा कार्यालय, महोत्तरी बर्दिवासको सहकार्यमा आ.व २०८१/८२ मा तपशिल अनुसारको शिप विकास सम्बन्धी तालिमहरु संञ्चालन हुन गईरहेकोले तालिममा सहभागी हुन चाहने मधेश प्रदेशमा स्थायी बसोबास भएको योग्य नेपाली नागरिकबाट दरखास्त आवह्वान गरिन्छ ।

| क्र. स. | तालिम | न्यूनतम योग्यता | संख्या | तालिम अवधी | तालिम शुल्क | फाराम भर्ने अन्तिम मिति | सम्पर्क मिति | छनोट प्रकृया | तालिम शुरू हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | **Barista** | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | निःशुल्क | २०८१/१०/११ | २०८१/१०/१४ | योग्यता र अन्तरवार्ता | छनोट प्रकृया सम्पन्न भए लगतै सञ्चालन गरिनेछ |
| २. | **Bakery** | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | | | | | |
| ३. | **Local Guide** | SEE वा सो सरह उत्तिर्ण | ४० | ७ दिन | | | | | |

**नोट** :
१. दरखास्त फाराम निवेदनको साथमा २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि प्रतिष्ठानको शाखा कार्यालयमा बुझाउनु पर्ने छ ।
२. अन्तरवार्ता सम्बन्धी सुचना यस प्रतिष्ठानको सूचना पाटी र सामाजिक सञ्जालमा प्रकाशन गरिने छ ।
३. निवेदकहरुले आफ्नो सम्पर्क मोबाईल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ।
४. तालिम अवधी भरी खाना तथा आबासको व्यवस्था प्रशिक्षार्थी स्वंयम आफै गर्नुपर्ने छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अनिष्टकारी खेल बन्द गर

मार्क ट्विनले राजनीति मात्र एउटा यस्तो पेशा हो, जसमा चोरी गर्न सकिन्छ, झुटो बोल्न सकिन्छ, धोका दिन सकिन्छ र यस्तो क्रियाकलाप गर्दा पनि सम्मानित हुन सकिन्छ। मार्कको भनाइ वर्तमान राजनैतिक परिवेश, मनोदशा, परिस्थिति, मनोवृत्ति, आकांक्षा, आपराधिक संरचना, स्वेच्छाचारी प्रवृत्तितर्फ लक्षित छ। यसले राजनीति के का लागि, कस्तो व्यक्तिका लागि, कस्तो परिवेशका लागि, किन गर्नेलाई पनि बोध गराउँछ। विलियम शेक्सपियरले मन यस्तो सेतो लुगा हो जसलाई जस्तो रंगमा भिज्यो भने उसको रंग भिजेको रंग अनुरुप हन जान्छ। यो भनाइ पनि विचार, व्यवहार, कार्य शैलीतर्फ संकेत गरिएको छ। त्यस्तै बेकनको नराम्रो व्यक्ति त्यो बेला पनि नराम्रो हुनसक्छ जब उ राम्रो भएको स्वांग गर्छ कथनले वर्तमान राजनैतिक चरित्र र नैतिकताको आशय , धरातललाई पुष्टि गर्दछ। प्रतिभा बिना पद प्राप्त भएमा धृतराष्ट्र बन्ने र प्रतिभा भए पनि पद प्राप्त नभएमा कर्ण बन्ने हाम्रो नियति रहेको छ। वस्तुतः चरित्र र वस्त्र जतिसुकै सफा भए पनि दृष्टि दागमै केन्द्रित हुन्छ। यी सम्पूर्ण भाव पद्धति, प्रक्रिया , संरचना, राजनैतिक अवस्था, विश्वसनीयता, समझदारी, आमजनताको संवदेनशीलताप्रतिको ृउदासीन राजनैतिक चरित्रलाई दर्शाउँछ। नेपालको शासकीय नेतृत्वकर्ताहरुको कार्य शैली, परिणाम , अवस्थालाई पनि यसले चिन्तन गर्न प्रेरित गर्दछ। राजनीतिकर्मीहरुको राजनीति कर्म देश र जनताप्रति लक्षित छ कि दलीय स्वार्थ, परिवारजनको उन्नति प्रगति, देशलाई बर्बाद पार्नैतर्फ उद्यत छ, विचारणीय पक्षहरु रहेका छन्। संघीयता, गणतन्त्रको वातावरणमा यी अवस्थाहरुको लेखन, चर्चा आफैमा पनि संवेदनशीलता बोधक हो। देश, प्रदेश अस्थिर संरचनाले ग्रस्त छ। मार्क ट्विनले भनेका अनुसार राजनीतिमा चोरी भइरेको छ , झुटो बोल्ने दिनचर्या बनेको छ, राजनीतिक धोकाको खेल उत्कर्षमा छ तापनि सम्मान स्वरुप प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, पार्टी अध्यक्ष, विभिन्न लाभका पद पाउने , महल निर्माण गर्ने, आफ्नो सन्ततिको भविष्य उज्ज्वल पार्ने, कुशासन मौलाउने ,शासकीय संरचनामा स्वेच्छाचारी प्रवृति हावी छ। जस्तो सुके गठबन्धनको सरकार भए पनि यी प्रवृत्ति मौलाउँदै जानुले अविश्वासको अवस्था कामयै रहेको छ। वर्तमानमा केन्द्रदेखि प्रदेशसम्मको दुर्गति चिन्ताको विषय बनेको छ। अतः राजनीतिकर्मीहरुले विषवमन गर्ने, देश, प्र्रदेशलाई कुचक्रमा पार्ने अनिष्टकारी खेल बन्द गर्नु आवश्यक छ। दम्भ, स्वार्थ, असफलता जस्ता दुष्कर्म भन्दा पनि विकास, समृद्धि, सबैको सम्बोधन, अपनत्व बोध, विश्वास, राजनैतिक संस्कारको रक्षातर्फ ध्यानाकृष्ट हुनु जरुरी छ।

# मधेशकेन्द्रीत दल गठजोड र विछोडको परिबन्दमा



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नेपाली काँग्रेसभित्र पन्द्रहौं महाधिवेशनको चर्चाले तीव्रता लिएको छ। नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रले आ-आफ्ना केन्द्रीय समितिको वैठक गरी पार्टीलाई थप सशक्त बनाउनका लागि विभिन्न निर्णय गरेका छन्। अर्कोतर्फ, एमालेबाट निष्कासित भएका भीम रावलले देशभक्तको नारा दिएर नयाँ दल खोल्ने तयारीमा छन्।

ति दलहरुको चर्चासँगै केही दिनदेखि मधेशकेन्द्रीत दलबीच कार्यगत एकता वा मोर्चाबन्दीको चर्चा चुलिँएको छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुन अझैं तीन बर्ष बाँकी छ। मुख्य दुई दल सत्तामा आसिन छन्। सरकार हेरफेरको तत्काल कुनै सम्भावना छैन्। समानुपातिक प्रणालीको थ्रेस होल्ड बढाउने पक्षमा सरकारले गृहकार्य अगाडि बढाउन लागेको छ। मधेशकेन्द्रीत दलसहित अन्य साना दल अप्ठेरोमा पर्ने सम्भावना छ। समानुपातिकको विषय सरकारले उठान गर्‍यो भने मधेशकेन्द्रीत मोर्चामार्फत सशक्त ढङ्गले आफ्नो पक्ष राख्न सक्नेछ।

केपि ओली नेतृत्वको सरकारले ६ महिनाको अवधि पुरा गरेको छ। ओली प्रधानमन्त्री पदमा आसिन भएपछि संविधान संशोधनको विषय उठाएको थिए। खासगरी, समानुपातिक प्रणालीको कारण कुनैपनि दललाई संसदमा बहुमत पुग्न नसक्ने देखिएकाले सो प्रणालीलाई विस्थापित गरी नयाँ नीति बनाउने विषयमा चर्चा परिचर्चा शुरु भएको थियो। समानुपातिक प्रणाली हटाएमा प्रतिनिधिसभा र प्रदेशसभाको संसदीय सिटको सङ्ख्यामा बृद्धि गर्नुपर्छ। नयाँ निर्वाचन क्षेत्र निर्धारणसमेत गर्नुपर्छ। प्राविधिक एवम् जटिल विषय भएकाले तत्काल काँग्रेस र एमालेले थ्रेसहोल्ड बढाउन विधेयक पेश गर्ने तयारीमा छन्। प्रतिनिधिसभामा एक सिट जितेका पार्टीले खसेको मतको तीन प्रतिशत कटाएपछि खसेको मतको आधारमा समानुपातिक सिट पाउने व्यवस्था छ। अव, प्रतिनिधिसभाका लागि पाँच र प्रदेशसभाको लागि तीन प्रतिशत न्यूनतम मत ल्याउनुपर्छ। यसो हेर्दा, साना दललाई घाटा हुने देखिन्छ। तर, साना दलहरु एकजुट भयो भने ठूला दलसमक्ष चूनौंति थपिने छ।

संविधानको कुन कुन धारालाई संशोधन गर्नुपर्ने विषयमा विज्ञहरुसँग सुझावका लागि एउटा कार्यदल गठन गर्नुपर्ने हो। नेताहरुले आफ्ना लाभको आधारमा संविधान संशोधन गर्न खोज्यो भने थप विकृति उत्पन्न हुने खतरापनि छ। जे भएपनि मधेशकेन्द्रीत दलहरु संविधान संशोधन हुने अवस्था सृजना भयो भने सशक्त रुपमा आफ्नो पक्ष राख्नका लागि गोलबद्ध हुन मोर्चाबन्दी हुन खोजेका स्पष्ट हुन्छ। अर्कोतर्फ, २०६५को पहिलो संविधानसभाको निर्वाचनजस्तै मधेशकेन्द्रीत दलहरु परिणाम ल्याउन नसकेको र २०७९को निर्वाचनमा व्यापकरुपमा मधेश प्रदेशमै पिछडिएपछि पुनः शक्ति सञ्चय गरी २०८४को निर्वाचनमा सशक्त चूनौंति दिने रणनीतिपनि हुन सक्छ।

अव, मधेशकेन्द्रीत दलहरु छुट्टै मोर्चाबन्दी गर्ने प्रयासको सन्दर्भमा सामाजिक सञ्जालमा नेपालका राजनीतिक विश्लेषक एवम् पूर्वमन्त्री जयप्रकाश गुप्ता लेख्नुहुन्छ,"आज मधेशी पक्ष, उदयपुर-सिन्धुलीको साँधमा लाग्ने त्रिवेणी मेलाको जुवा खालमा नगद-जिन्सी सवै हारेर अन्ततः स्वास्नीका गहनागुरिया समेत बुझाएर ब्रम्हमुहूर्त अगावै छोडर भागेका हरुवा जुवाडेजस्तो भएको छ।

यसो हेर्दा, वास्तवमा मधेशकेन्द्रीत दलहरुको अवस्था हारेको जुवाडैजस्तै भएको बुझिन्छ।

एकताका मधेशकेन्द्रीत दलले सरकार बनाउनमा निर्णायक भूमिका निर्वाह गर्दथ्यो। सरकार भत्काउने सामर्थ्य राख्थ्यो। तर, मधेशकेन्द्रीत दलभित्र सत्तामोहका कारण २०६६ सालदेखि जुन पार्टी फोड्ने मनोवृति बढ्यो। त्यो एक किसिमले परम्परा नै बन्यो। पछिल्लो समयमा जनता समाजवादी पार्टी नेपालबाट अशोक राईहरु पार्टीबाट अलग भई नयाँ पार्टी जनता समाजवादी पार्टी गठन गरे। हुन त यो कुनै पहिलो पटक होइन्। २०४६ सालको जनआन्दोलनपछि गजेन्द्रनारायण सिँहको नेतृत्वमा रहेको नेपाल सद्भावना मञ्चले पार्टीको रुप धारण गऱ्यो। २०४८को निर्वाचनमा ६ स्थानमा जितेर एक पहिचान स्थापित गरेको थियो। तर, २०५१ सालको मध्यावधी निर्वाचन तीन सिटमा खुम्चिएको थियो। गजेन्द्रनारायण सिह, अनीस अन्सारी र ह्रृदयेश त्रिपाठी निर्वाचित भएका थिए। २०५२ सालमा शेरबहादुर देउवाको सरकारमा गजेन्द्रनारायण सिँह स्वयं मन्त्री बन्ने निर्णय गरी सरकारमा सहभागी भएका थिए। साँसदद्वय अनीस र त्रिपाठीले विद्रोह गरेका थिए।



२०६५ सालमा मधेशकेन्द्रीत दल सरकार निर्माणमा निर्णायक भूमिकामा थियो। मधेशका दलका नेताले सत्ताको भागवण्डामा खोजेअनुरुप ठाउँ पाउँथे। २०६४को पहिलो संविधानसभामा मधेशकेन्द्रीत दलहरुमा सवैभन्दा बढी मधेशी जनअधिकार फोरमको ५४, तराई मधेश लोकतान्त्रिक पार्टीको २१, सदभावना पार्टीको ९ र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)को तीन गरी ८७ जनाको संविधानसभा सदस्य थिए। २०७० सालको दोश्रो संविधानसभाको निर्वाचनमा यि तीनवटै दल विभाजित भयो। चौंथो स्थान पाएका मधेशी जनअधिकार फोरम छैठो स्थानमा पुग्यो। ५४ सिट पाएका सो दल मात्र १० सिटमा सीमित भयो। २०७२ मा संविधान निर्माण हुनुअगावै मधेश पुनः आन्दोलित भयो। २०७४को निर्वाचनमा मधेशकेन्द्रीतको अवस्थामा केही सुधार भयो। तर, २०७९को निर्वाचन परिणाम सन्तोषजनक रहेन्। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको परिणामको आधारमा मधेश प्रदेशको ३२ सिटमध्ये मधेशकेन्द्रीत दलसमेत गरी मात्र दस सिट जितेका छन्। पार्टीगत, आधारमा हेर्दा, एमाले नौं स्थान, काँग्रेस आठ स्थान जितेर पहिलो र दोश्रो दल बनेको छ भने जनता समाजवादी पार्टी, नेपाल तेस्रो स्थानमा झर्‍यो। मधेश प्रदेशसभा र स्थानीयतहमा पनि मधेशकेन्द्रीत दल तेस्रो स्थानमा छ। चुनावी परिणामको आधारमा मधेशकेन्द्रीत दलको सन्दर्भमा जयप्रकाशजीको विश्लेषण सटिक मिल्छ। यस्तो अवस्थामा मधेशकेन्द्रीत दलको जग 'मधेश'माथि काँग्रेस र एमालेले आफ्नो पकड बनाएको देख्दा निश्चित रुपमा मधेशकेन्द्रीत दलको अवस्था हारेको जुवाडेजस्तै भएको छ। मुलुकको सातवटा प्रदेशमध्ये मधेशी समुदायको बाहुल्य भएको एकमात्र 'मधेश प्रदेश' हो। यस प्रदेशमा मधेशकेन्द्रीतहरु कमजोर देखिनुको अर्थ पैतालामुनिबाट भूमि खुस्किएको सरह सम्झनु पर्छ।

### सत्ता हेर्‍यो कि मधेशी दल फुटयो !

२०५२ सालमा गठित देउवाको नेतृत्वको संयुक्त सरकारमा गजेन्द्रनारायण सिँह मन्त्रिमण्डलमा सहभागी हुनासाथ नेसपाको आन्तरिक विवाद चरमोत्कर्ष अवस्थामा पुग्यो। सांसदद्वय ह्रिदेश त्रिपाठी र अनिस अन्सारीले मन्त्री बन्न नपाएको कारण असन्तुष्ट भए। त्यसपछि, नेकपा (एमाले) को समर्थनबाट राप्रपाका लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा २०५३ फागुन २९ गते र नेपाली काँग्रेसको समर्थनमा राप्रपाकै सूर्यबहादुर थापाको नेतृत्वमा गठित सरकारको समयमा नसपाभित्र मन्त्री बन्ने उत्कट चाहनाको कारण पार्टी विभाजित भयो। तर, दुई बर्षभित्र पुनः ह्रयदेश त्रिपाठीहरु एक्यबद्ध भए। गजेन्द्रनारायण सिँहको २०५८ साल माघ १० गते निधनपछि उपाध्यक्ष बद्री मण्डल नेसपाको कार्यवाहक अध्यक्ष भए। २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित सरकारमा बद्री मण्डल कृषि तथा सहकारीमन्त्री बनेको थियो। त्यसपछि, गजेन्द्रनारायण सिँहकी धर्मपत्नी आनन्दी देवीको अध्यक्षतामा नेपाल सद्भावना पार्टी (आनन्दी) नामको पार्टी गठन भयो। २०६४ सालमा नेसपा र आनन्दी समूहबीच एकीकरण भयो। तीन महिनापछि सम्पन्न एकता महाधिवेशनबाट राजेन्द्र महतो अध्यक्ष भएपनि निर्वाचन आयोगले नेसपा( आनन्दी)लाई मान्यता दियो। त्यसपछि, महतोले सदभावना पार्टी गठन गर्‍यो। २०६५ सालतिर सरिता गिरी (आनन्दी)बाट अलग भएर श्यामसुन्दर गुप्ताले नेसपा (युनाइटेड) गठन गर्‍यो। त्यसपछि, नेसपा गजेन्द्रवादी, सङ्घीय सद्भावना, राष्ट्रिय सद्भावना र तराई मधेश सद्भावना पार्टी हुँदै विलिन भयो।

२०६४ साल वैशाख महिनामा निर्वाचन आयोगबाट दलको रुपमा मान्यता पाएका मधेशी जनअधिकार फोरम टुक्रा टुक्रामा विभक्त हुँदै सो नामनै विलिन भयो। त्यो पार्टीमात्रै होईन मधेश समर्थित अन्य पार्टीहरुपनि विभाजनको चपेटामा परे। २० बर्षको अवधिमा मधेशी दलभित्रको विभाजनको लामो फेहरिस्त छ। सद्भावना पार्टीजस्तै उपेन्द्र यादवको नेतृत्व गरेको दलसँग गठजोड र विछोडको लामो फेहरिस्त छ। मधेशी जनअधिकार फोरमको पहिलो विभाजन भाग्यनाथ गुप्ताले गरे। उनले २०६४ साल भदौंमा पार्टी फोडेर मजफो 'मधेश' गठन गरे। २०६६ सालमा पुष्पकमल दाहालको राजीनामापछि माधव नेपालको सरकारमा उपेन्द्र यादव र विजय गच्छदारले आ-आफ्ना नेतृत्वमा सरकारमा जाने अडानको कारणका साथै पुनः पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउनका लागि समर्थन गर्ने विषयमा पार्टीभित्र विवाद चरमोत्कर्षमा पुगेपछि सो पार्टी फुट्यो। गच्छदारले मधेशी जनअधिकार फोरम(लोकतान्त्रिक) गठन गरी माधवकुमार नेपालको सरकारमा सहभागी भए। २०७२ सालमा मधेशी जनअधिकार फोरम र अशोक राईको सङ्घीय समाजवादी पार्टीबीच एकीकरण भएपछि 'सङ्घीय समाजवादी पार्टी'को गठन भयो। २०७६ साल वैशाखमा सङ्घीय समाजवादी फोरम र डा. बावुराम भट्टराईको नयाँ शक्ति पार्टीबीच एकीकरणपछि समाजवादी पार्टीको जन्म भयो। मजफोदेखि समाजवादी पार्टी हुँदै जनता समाजवादी पार्टी नेपालसम्म आइपुग्दा उपेन्द्र यादवको अध्यक्षयीय भूमिका कायम नै छ। निर्वाचन हुनुअगावै २०७४ सालमा महन्थ ठाकुर, राजेन्द्र महतोलगायतले गठन गरेका राष्ट्रिय जनता पार्टीबीच २०७७ सालमा एकीकरण भएर जनता समाजवादी पार्टी गठन भयो। २०७८ सालमा महन्थ ठाकुर जसपाबाट अलग भएर लोकतान्त्रिक समाजवादी पार्टी गठन गऱ्यो। लोकतान्त्रिक समाजवादी पार्टीबाट अलग भएर ह्रयदेश त्रिपाठीले जनता प्रगतिशील पार्टी गठन गर्‍यो। गत, असोजमा लोसपाबाट अलग भएर राजेन्द्र महतोले राष्ट्रिय मुक्ति पार्टी गठन गरेको छ।

२०६७ पुस १६ गते महेन्द्र रायले 'तमलोपा नेपाल' गठन गरे। राजेन्द्र महतोको सद्भावना पार्टी फोडेर रामनरेश रायले 'राष्ट्रिय सद्भावना पार्टी' गठन गरे। नेपाल सद्भाना पार्टी फोडेर अनील झाले सङ्घीय सद्भावना पार्टी गठन गरे। २०६९ साल असारमा मजफो (लोकतान्त्रिक) फोडेर शरद्सिँह भण्डारीले राष्ट्रिय मधेश समाजवादी पार्टीको स्थापना गरे। २०६८ जेठ ९ गते मजफो नेपाल फोडेर जयप्रकाश गुप्ताले मजफो (गणतान्त्रिक) गठन गरे।२०६९ साल पुस ११ गते नन्दन दत्तले सो पार्टी फोडे। महन्थ ठाकुरको नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी पनि फुटबाट अछूतो रहेन् २०७० साल भदौं १९मा महेन्द्र राय र रामनरेश राय मिलेर 'तराई मधेश सद्भावना पार्टी' गठन गरे। २०७० सालमा ६ पार्टी मिलेर 'राष्ट्रिय जनता पार्टी' गठन गरे। केपि ओलीको दल विभाजनसम्बन्धी अध्यादेशको कारण राजपा र सङ्घीय समाजवादी पार्टी मिलेर जनता समाजवादी, नेपाल पार्टी गठन गरे।

शेरबहादुर देउवाले दोश्रो दलविभाजनसम्बन्धी अध्यादेशमार्फत ल्याएको विधेयकको कारण महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी गठन भयो। मधेशको हकहितको विषयमा वैचारिक मतभेद भई फुट भएको भए तार्किक बहशको विषय हुन्थ्यो। तर, सत्तामोह, पार्टी अध्यक्षको दवङ्ग व्यवहार, अध्यक्षलाई समकक्षी नेताले महत्व नदिने, अनुशासनहीनताको पराकाष्ठा, एक अर्काको सम्मान नगर्ने र राजनीतिबाट आर्थिक उपार्जनगर्ने प्रवृतिको कारण मधेश केन्द्रीत दलहरुमा टुटफुट भइरहयो। कटुसत्य के हो भने राजनीतिक दलहरुले मधेशलाई सत्तामा पुग्ने भऱ्याङको रुपमा उपयोग गरेको देखिन्छ। अव, मधेशमा जनस्तर खस्किँदै गइरहेको र समानुपातिक प्रणालीको लाभ लिनका लागि न्यूनतम मत थ्रेसहोल्ड बढायो भने मधेशकेन्द्रीत दललाई हुने फाईदा र वेफाईदाको बारे गहिरो विश्लेषण गर्नुपर्ने देखिएको छ। 'इतिश्री'

# पछिल्ला सरकारले महत्त्व नबुझेका कारण योजना अलपत्र पारे



लालबाबु राउत

मेरो नेतृत्वमा प्रदेश सरकार हुँदा धेरै सोचविचार गरेर मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम ल्याएका थियौं। त्यसबखत प्रदेशमा केही गर्ने हुटहुटीले धेरैसँग परामर्श गरेर स्वच्छता अभियान कार्यक्रम अघि सारिएको हो।

प्रदेश सरकार भन्ने संरचना नै नयाँ थियो त्यो बेला। हामी जहाँ जाँदा पनि आम नागरिकले प्रदेशमा केही विशेष काम गर्न भनिरहन्थे। हामीलाई पनि प्रदेश सरकारको संरचना नयाँ भएकाले केही ठोस काम गर्ने हुटहुटी थियो।

मधेसमा जतातत्तै पुराना पोखरी छन्। तर तिनलाई पर्यटकीय आकर्षण बनाउन सके प्रदेश र स्थानीयवासीलाई पनि फाइदा हुन सक्छ भनेर मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत सौन्दर्यकरण कार्यक्रम अघि सारिएको थियो। यो कार्यक्रम अन्तर्गत सार्वजनिक ठाउँमा रहेका पोखरीहरूको सौन्दर्यकरण गर्ने योजना ल्याएका थियौं।

प्रदेशकै गौरवको योजना अनुसार यसलाई अघि बढाइएको थियो। यसमा हाम्रो खास उद्देश्य भनेको भर्खर-भर्खर प्रदेश सरकारको अभ्यास थालिएको छ, प्रदेशका नागरिकको लागि केही गरौं भन्ने हुटहुटी सरकारमा सहभागी दल र नेताहरूमा भइरहन्थ्यो।

मान्छेलाई धार्मिक गतिविधि गर्न, छठ पर्व मनाउन तथा बिहान-बेलुका शान्त र सफा ठाउँमा घुम्न सहज होस् भनेर पोखरी सौन्दर्यकरणको योजना ल्याइएको हो। योजना लागु भइससकेपछि प्रदेशको अधिकांश जिल्लाको पोखरीको सूची तयार पार्‍यौं। त्यसपश्चात हामीले पोखरी सौन्दर्यकरणमा लाग्ने बजेट अनुसार रकम विनियोजन पनि गर्‍यौं।

सुरुवाती चरणमा धेरै काम भए। पोखरीहरूमा प्रदेश सरकारको सोच अनुसार सार्वजनिक धरोहर संरक्षण पनि हुन थाल्यो। तर काम हुँदै गर्दा कोरोना महामारी सुरु भयो। त्यतिबेला 'लकडाउन' पनि भयो। त्यसपछि देशभर यस्ता महत्त्वपूर्ण काम प्रभावित हुन थाले।

कोरोनाले मान्छे मर्न थालेपछि त्यसबखत यो योजनाको निर्माणमा सिधा असर पर्न गयो। केही समय काम नै रोकियो। कोरोनाकाल सकिएपछि मेरो नेतृत्वको सरकारको कार्यकाल पनि सकियो।

सरकार परिवर्तन भएपछि यो योजना सफल हुने कुरै भएन। किनकि, यो योजनाको महत्त्व नबुझ्नेहरू सरकारमा आए। अनि पोखरी सौन्दर्यकरणको योजना लत्याउन थालियो। अर्थात् यसको बेवास्ता गर्न थालियो। कतिसम्म बेवास्ता गरियो भने काम गर्ने ठेकदारहरूसँग सम्झौता नै गरिएन। सम्झौता नभएपछि मूलतः यो योजना अलपत्र पर्न थालेको हो।

अहिले लागु भएको ठाउँमा पनि काम हुन सकेको छैन। त्यसबेला जति काम भएको छ, त्यतिमै सीमित हुन गयो। यसको एउटै कारण हो- ठेकदारहरूसँग सरकारले सम्झौता नगरेकाले उनीहरूले काम गर्न छाडे।

काम गरेको पैसा पाइएन भनेर कति ठेकदारले मसँग गुनासो गरिरहेका हुन्छन्। ठेकदारहरूले काम गरेको बिल पनि बुझाइसके। त्यो बिल थन्किएको छ। ठेकदारहरूको भुक्तानी नदिएका कारण काम अघि बढ्न सकेन। ठेकदारहरूको ठुलो पैसा फसेको छ। उनीहरू मर्कामा परेका छन्।

कतिसम्म लापर्बाही गर्ने गरिएको छ भने अदालतले कामको मूल्याङ्कन गरेर ठेकदारलाई पैसा दिन आदेश दिए पनि प्रदेश सरकारले त्यसमा बेवास्ता गरिरहेको छ। भएको कामको पनि भुक्तानी नपाएपछि ठेकदारले योजना निर्माण सम्पन्न गर्न गरिरहेका छैनन्। आफूले काम गरिसकेको पैसासमेत नपाएपछि ठेकदारहरूले निर्माणको काम ठप्प पारेका हुन्। त्यसैले अहिले हरेक पोखरीमा सौन्दर्यकरणको काम अलपत्र भएको हो।

मेरो बुझाइमा यसको एउटै कारण हो- मेरो कार्यकालपछि बनेका प्रदेश सरकारहरूले यो योजनाको महत्त्व नै बुझेनन्। अनि यी योजनाको सम्झौता गर्न बेवास्ता हुन थाल्यो। मधेस सरकारले प्रदेश र यहाँका नागरिकका लागि जति पनि योजना बनायो, त्यो मेरै कार्यकालमा बनेका छन्। त्यसबाहेक अहिलेसम्म कुन ठोस योजना ल्याइएको छ त ? जनतासँग सरोकार हुने कुन काम अहिले भइरहेका छन् ? केही पनि भइरहेको छैन। यो कुरा कसलाई भन्ने ? त्यो भनेर पनि हाम्रो मुलुकमा केही अर्थ छैन।

सरकारमा दूरदर्शिता भयो भने यस्ता योजना अलपत्र पारिँदैन, प्रोजेक्ट सफल बनाइन्छ। तर त्यसपछिका सरकारहरूमा दूरदर्शिता देखिएन। अनि पुराना सरकारले ल्याएको महत्त्वपूर्ण योजनाहरू बेवास्ता गर्न थालियो।

छिमेकी मुलुक भारत होस् वा अन्य कुनै विकसित मुलुकहरूमा हेरौं- अघिल्लो सरकारले ल्याएको योजना महत्त्वपूर्ण छन् भन्ने त्यसलाई निरन्तरता दिने गरेको पाइन्छ। सरकार भनेको व्यक्ति होइन, संस्था हो। त्यसैले त्यो संस्थाको नेतृत्वमा जो आए पनि संस्थागत निर्णयलाई अघि बढाउने गरिन्छ। तर हामीकहाँ त्यस्तो अभ्यास नै भएको छैन। सरकार परिवर्तन हुनासाथ अघिल्लो सरकारले के-के योजना ल्याएको छ, त्यो हेरेर त्यसलाई खारेज गर्ने, रोक्ने काम गरिन्छ।

यो प्रोजेक्टमा पनि मधेस सरकारको रुचि देखिएन। त्यसैले सरकारले यसलाई बेवास्ता गर्‍यो। प्रादेशिक गौरवका योजनाहरूमा सरकारले पैसा नै विनियोजन गर्न छोड्यो। योजनामा पैसा नै दिन छाडेपछि काम रोकिनु स्वाभाविक हो। यही कारण पोखरी सौन्दर्यकरण योजना अलपत्र पर्दै गएको हो। यो विडम्बनाको कुरा हो। दुःखको कुरा हो।

बजेट किन राखिएन ? सरकारले किन यस्ता महत्त्वपूर्ण योजनालाई बेवास्ता गरिरहेको छ ? यी प्रश्नहरू आफैंमा गम्भीर छन्। किनकि सरकारले राम्रो योजनाहरूलाई प्राथमिकता दिनुपर्ने हो, तर यहाँ त्यो चलन छैन।

यो योजनामा अनियमितता भएको पनि यदाकदा भन्ने गरिन्छ। हो मेरो प्रश्न यहीं छ- यदि अनियमितता भएको भए अख्तियारले बाँकी राख्थ्यो ? राख्दैन्थ्यो नि।

मानौं- योजनामा कहीं गोलमाल नै भएको छ भने त्यसको लेखाजोखा गर्ने काम त सरकारको हो नि ! सरकारले लेखाजोखा गरेर ठेकदारमा गल्ती छ भने त्यसलाई कारबाही गरोस्, उसलाई कालोसूचीमा राखोस्। एउटा छिनोफानो त गरिदिनुपर्‍यो नि !

मेरो पनि चुनौती छ- यदि कसैले गल्ती गरेको छ भने सरकारले त्यसलाई कारबाही गरोस्। तर यसरी काम नै अल्झाएर वर्षौंसम्म राख्न उचित होइन। नत्र, झुटमुटको बहाना बनाएर योजना अलपत्र पार्ने काम नगरियोस्।

मेरो बुझाइमा यो सब मुलुकमा थिति नभएको उपज हो। जसकारण अघिल्लो सरकारको कामलाई बेवास्ता गर्ने काम हुने गरेको छ। सरकारले कम्तीमा यस्ता योजनाहरूको महत्त्व बुझोस्। सरकारले योजनाको महत्त्व बुझ्यो भने प्रदेश र यहाँका जनतालाई फाइदा नै हुन्छ।रातोपाटी

# 'एकताबद्ध भएर अघि बढ्न सके विकासले गति लिन्छ'



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले मुलुक एकजुटताका साथ अघि बढ्न सके सबै क्षेत्रले द्रुत विकासको गति लिन सक्ने विश्वास व्यक्त गर्नुभएको छ । राष्ट्रिय एकता दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले एकताको सूत्रमा बाँधिएको मुलुक आर्थिकरूपमा थप सुदृढ र बलियो बन्न सक्नेमा जोड दिनुभएको छ ।

"राष्ट्रिय एकता दिवसले नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृति तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै सामाजिक सद्भाव र समाजमा समरसता तथा भाइचारा अभिवृद्धि गराउनमा महत्त्वपूर्ण उत्प्रेरक बन्न सकोस्", उपराष्ट्रपति यादवले भन्नुभएको छ ।

हरेक वर्षको पुस २७ मा राष्ट्रिय एकता दिवस, पृथ्वी जयन्तीका रूपमा पनि मनाइन्छ । यो दिवस नेपालको विविधतामा एकतालाई बलियो बनाउन र मुलुकको एकीकरणमा योगदान पुऱ्याउनेलाई सम्झिने दिनको रूपमा पनि हेरिन्छ । उपराष्ट्रपति यादवले सिङ्गो नेपालीलाई एकताको सूत्रमा बाँध्न र राष्ट्रिय एकताको भावनालाई थप मजबुत बनाउन दिवसले एउटा मञ्च प्रदान गर्ने जनाउँदै नेपालको विविधतायुक्त संस्कृति, वेशभूषा, भाषा र धर्महरूको बीचमा एकताको उत्सव मनाउने महत्वपूर्ण अवसर भएको बताउनुभएको छ ।

राष्ट्रिय एकता दिवसका अवसरमा आयोजना गरिने विविध कार्यक्रमले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्न सबैलाई उत्प्रेरित गर्न सक्नुपर्ने उहाँको भनाइ छ ।

"दिवसले युवाहरूलाई आफ्नो मातृभूमि र देशप्रति समर्पण एवं सेवाको भावना विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसके मात्र यसको सार्थकता पुष्टि हुन सक्दछ, नेपालको इतिहास, संस्कृति र वैभवशाली सम्पदाप्रति गौरवको भावनालाई बढावा लिने सुन्दर अवसरका रूपमा यसको उपयोग गर्नुपर्दछ", उहाँले आफ्नो सन्देशमा भन्नुभएको छ ।

आपसी वैमनस्यता, द्वन्द्व र कलुषित भावनाहरू त्याग्दै आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक उन्नयनका लागि सामूहिक रूपमा काम गर्न सञ्चार गर्ने जनाउँदै उहाँले सो दिवसले मुलुकको सबै भूगोल एवं क्षेत्रमा समान विकासको पृष्ठपोषण गर्दै देशको गरिबी र बेरोजगारीजस्तो समस्याविरूद्ध लड्न एकजुट भई अघि बढ्न आह्वान गर्नुभएको छ ।रासस

# 'गुणस्तरीय उपचारमा सबैको पहुँच पुऱ्याउन लागेका छौँ'

डुम्रे । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले गुणस्तरीय उपचारमा सबैको पहुँच पुऱ्याउन सरकार लागेको बताउनुभएको छ । नेपाली कांग्रेस तनहुँले आज बिपी स्मृति भवन दमौलीमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले पैसा अभावले उपचार नपाउने अवस्थाको अन्त्य गर्दै सबैमा उपचारको पहुँच स्थापित गर्न सरकार प्रतिबद्ध भएको बताउनुभयो ।

उहाँले स्वास्थ्य बिमाको पहुँच र रकमको वृद्धि गरी उपचारमा सहजता कायम गरिने समेत उल्लेख गर्नुभयो । बिरामीको जीवन रक्षामा मन्त्रालय सधैँ अग्रसर रहेकाले अबका दिनका कसैले पनि पैसा अभावमा उपचार नरोकिने पौडेलको भनाइ थियो ।

स्वास्थ्य बिमालाई रु एक लाखबाट वृद्धि गरी रु पाँच लाख पुऱ्याउन स्रोत व्यवस्थापनमा सरकार लागेको मन्त्री पौडेलले जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य बिमालाई रु पाँच लाख पुऱ्याउँछौँ मात्र भनेका होइनौँ, कसरी स्रोत जम्मा गर्ने भन्ने विषयको गृहकार्य गरिरहेका छौँ, मन्त्रिपरिषद् बैठकबाट पारित गरी कार्यान्वयनमा ल्याउने प्रक्रियामा अगाडि बढिसकेका छौँ ।"

निजी संस्था र नागरिकबाट उठ्ने करको केही रकम बिमा कोषमा ल्याउने तयारी भएको उहाँले बताउनुभयो । जटिल रोग लागेका बिरामीलाई रु एक लाखले उपचार सम्भव हुँदैन, जसले गर्दा बिमाको रकम वृद्धि गरी रु पाँच लाख पुऱ्याउने योजना तयार भएको उहाँको भनाइ थियो । स्वास्थ्य बिमाको स्रोत व्यवस्थापनमा नागरिक, सरकार, विभिन्न सङ्घसंस्थाको योगदानलाई सुनिश्चित हुने गरी कार्यक्रम ल्याइने पौडेलले बताउनुभयो ।




नागरिकको आफ्नो तलबबाट दुई प्रतिशत रकम बिमा कोषमा जाने व्यवस्था गर्न लागेको उहाँले जानकारी दिनुभयो । नेपाली नागरिकले तिर्ने करको शून्य दशमलव पाँच प्रतिशत रकम बिमा कोषमा जाने व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बिमाको प्रतिवेदन आइसकेको छ, कार्यान्वयनमा लैजान तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

मन्त्री पौडेलले चौध वर्ष मुनिका बालबालिकालाई क्यान्सरको निःशुल्क हुने उपचार कार्यान्वयनमा आइसकेको उदाहरण दिनुहुँदै उहाँले सरकार स्वास्थ्य सेवाप्रति गम्भीर रहेको बताउनुभयो । क्यान्सर उपचार सेवा देशको सातै प्रदेशमा सुरु भइसकेको, मतिष्काघातका बिरामीलाई निःशुल्क औषधिको व्यवस्थापन गर्न लागिएको पौडेलले बताउनुभयो ।

फरक प्रसङ्गमा उहाँले राष्ट्रिय गौरवलाई समेट्ने गरी नयाँ परियोजना ल्याउन आवश्यक रहेको बताउनुभयो । उहाँले तनहुँ जलविद्युत् र जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रबाहेक अन्य नयाँ परियोजना ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "तनहुँको पहिचान हुनेगरी कुनै पनि योजना छैनन्, पहिचानसहित परियोजना ल्याउनुपर्ने अवस्था छ, राष्ट्रिय गौरवको परियोजना ल्याउन र समेट्ने गरी नयाँ परियोजना ल्याउनुमा यहाँका राजनीतिक दलले पहल गर्नुपर्ने हुन्छ, यसतर्फ ध्यान दिनुहोस् ।"रासस

> "स्वास्थ्य बिमालाई रु पाँच लाख पुऱ्याउँछौँ मात्र भनेका होइनौँ, कसरी स्रोत जम्मा गर्ने भन्ने विषयको गृहकार्य गरिरहेका छौँ, मन्त्रिपरिषद् बैठकबाट पारित गरी कार्यान्वयनमा ल्याउने प्रक्रियामा अगाडि बढिसकेका छौँ ।"

# पृथ्वीनारायण शाहका दिव्योपदेशहरू राष्ट्र निर्माणका लागि मार्गदर्शक : राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता पृथ्वीनारायणशाहकादिव्योपदेशहरू अर्थतन्त्र निर्माण, राष्ट्रप्रेम, छिमेकी राष्ट्रहरूसँग कूटनैतिक सम्बन्ध निर्माणका लागि मार्गदर्शक भएको बताउनुभएको छ ।

राष्ट्रिय एकता दिवसका अवसरमा शनिबार एक सन्देश जारी गर्दै उहाँले स-साना राज्यमा छरिएर रहेको नेपाल हालको अवस्थासम्म आइपुग्न हाम्रा धेरै पूर्वजहरूले पुऱ्याएको योगदानलाई हामीले बिर्सन हुँदैन स्पष्ट गर्नुभएको छ ।

"पृथ्वीनारायण शाहले स-साना टुक्रामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरेर आधुनिक नेपाल राष्ट्रको निर्माण गरेको र सो अभियानलाई इतिहासको विभिन्न कालखण्डमा हाम्रा वीर पुर्खाहरूले निरन्तरता दिएको कारणले हामीले आज सार्वभौम र स्वतन्त्र नेपाल भनेर गर्व गर्न पाएका छौँ," राष्ट्रपति पौडेलले आफ्नो सन्देशमा भन्नुभएको छ, "यही आधार भूमीमा टेकेर हामीले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर घोषणा गरिसकेका छौँ । स-साना राज्यमा छरिएर रहेको नेपाल हालको अवस्थासम्म आइपुग्न हाम्रा धेरै पूर्वजहरूले पुऱ्याएको योगदानलाई हामीले बिर्सन हुँदैन ।"

पृथ्वीनारायण शाहलाई सम्झना गर्दा उहाँको दिव्योपदेशको पनि सम्झना गर्नुपर्नेमा जोड दिँदै राष्ट्रपति पौडेलले लोकप्रिय र सान्दर्भिक दिव्योपदेशहरू अर्थतन्त्र निर्माण, राष्ट्रप्रेम, छिमेकी राष्ट्रहरूसँग कूटनैतिक सम्बन्ध निर्माणमा मार्गदर्शकको रूपमा रहेको बताउनुभएको छ ।

"राष्ट्रिय एकता दिवसको यस अवसरले हाम्रो मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राखी जनताको सुख र समृद्धि हासिल गर्न सबैमा प्रेरणा प्रदान गरोस्," राष्ट्रपति पौडेलले भन्नुभएको छ, "नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता पृथ्वीनारायण शाहको ३०३ औँ जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा उहाँप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।"रासस

# 'पत्रकारितालाई मर्यादित बनाउँदै सत्यतथ्य सूचना प्रवाह गर्न आवश्यक छ'



लेखनाथ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पत्रकारितालाई मर्यादित बनाउँदै सत्यतथ्य सूचना प्रवाह गर्न सुझाव दिनुभएको छ ।

शनिबार पोखरामा आयोजित प्रेस सेन्टर नेपाल कास्की शाखाको छैटौँ जिल्ला अधिवेशनमा उहाँले राजनीति धमिलो भएको अवस्थामा जिम्मेवार र निष्ठावान् पत्रकारिता आवश्यक पर्ने भएकाले सोहीअनुसार भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले सञ्चारकर्मीले सधैँ सुशासन, राष्ट्रिय स्वाधिनता र जनहितमा कलम चलाउन आग्रह गर्नुभयो । "पत्रकारिता समाजलाई सही बाटोमा डोऱ्याउने खालको हुनुपर्छ । गलत गर्ने जो कोहीका विषयमा पनि कलम चलाउन छोड्नु हुन्न", उहाँले भन्नुभयो,"पछिल्लो समय राजनीतिक भ्रष्टीकरण बढेकाले यसलाई सही बाटोमा ल्याउन पनि पत्रकारका भूमिका महत्वपूर्ण हुने भएकाले यसतर्फ ध्यान दिन आवश्यक छ ।"


पूर्वउपप्रधानान्त्री श्रेष्ठले देश विकास हुन नसक्नुको मूल कारण राजनीति नै भएकाले राजनीतिलाई सङ्लो बनाउन आवश्यक भएको धारणा राख्नुभयो ।

नेपाल पत्रकर महसङ्घका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण अधिकारी, प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष निर्मल ज्ञवालीलगायतले श्रम अधिकार र पत्रकारिताका विविध पक्षबारे धारणा राख्नुभयो ।

प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पत्रकार दीपक परियारलाई थमन परियार स्मृति पत्रकारिता पुरस्कारद्वारा सम्मान गरिएको थियो ।रासस

# आर्थिक विकासका लागि कानुन संशोधनः गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मुलुकको आर्थिक विकासका लागि सरकारले अध्यादेशमार्फत केही कानुन संशोधन गरेको बताउनुभएको छ ।



शनिबार नेपाल मसलन्द तथा शैक्षिक सामग्री उद्योग सङ्घको २५औँ वार्षिक साधारणसभामा धारणा राख्ने क्रममा मन्त्री लेखकले सरकारले स्वदेशी उत्पादन प्रयोग गर्ने नीति लिएको समेत उल्लेख गर्नुभयो। "सरकारले अध्यादेशमार्फत शासकीय सुधार, उद्योग व्यवसायको सहज सञ्चालन र सुशासनसँग सम्बन्धित कानून संशोधन गरेको छ", उहाँले भन्नुभयो ।

मन्त्री लेखकले गैरआवासीय नेपालीको लगानीसम्बन्धी केही निर्णय समेत गरेको बताउनुभयो । "सूचना प्रविधिको प्रयोग गरी सेवा निर्यातको सहजीकरणका लागि कानुन संशोधन गरिएको छ", उहाँले भन्नुभयो ।

उक्त अध्यादेशले आइटी कम्पनीहरुले विदेशमा लगानी गर्न, विदेशमा शाखा कार्यालय खोलेर पैसा कमाउन र त्यसरी कमाएको पैसा कानुनी रुपमा नेपाल ल्याउनका लागि सहज हुने उहाँको भनाइ थियो ।रासस


## Invitation for Bids

### Madhesh Institute of Health Sciences
### Janakpurdham, Dhanusha

**Date of publication: 12 January 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha

   **Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

   **Office Code no. :** 3500017082

   **Office Account no.:** 1220100026496001

   **Rajaswa (revenue) Shirshak no.:** 14229

   **Dharauti Khata No.:-** 1220100026497001
4. Pre-bid meeting shall be held at the Madhesh Institute of Health Sciences Janakpurdham, Dhanusha at 01:00 PM on 31 January 2025
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 11 February 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 11 February 2025 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/WORKS/ 2081-82/4.1 | The Construction of Physiology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 5517043.54 | 3000/- | 150000/- |
| 2 | MIHS/NCB/WORKS/ 2081-82/4.2 | The Construction of Bio Chemistry Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 5517043.54 | 3000/- | 150000/- |
| 3 | MIHS/NCB/WORKS/ 2081-82/4.3 | The Construction of Micro Biology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 5517043.54 | 3000/- | 150000/- |
| 4 | MIHS/NCB/WORKS/ 2081-82/4.4 | The Construction of Pharmacology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 5517043.54 | 3000/- | 150000/- |

# छ वर्षको उमेरकै आसपास बालिकाहरूमा महिनावारी सुरु हुनुका कारण

बीबीसी

काठमाण्डु । एक छ वर्षीय छोरीकी आमा अर्चनाले आफ्नी सन्तानको शरीरमा उल्लेख्य परिवर्तन देखेपछि त्यो अस्वाभाविक मान्दै चिन्तित भइन्।

"म त्यस्तो कलिलो उमेरमा यो देखेर आत्तिएँ। उनी साना कुरामै झर्किन थालेकी थिइन्। ती परिवर्तनहरूले मलाई चिन्तामा पार्‍यो," उनले भनिन्। अर्चना उनको वास्तविक नाम होइन। उनी आफ्नो परिवारसँग पश्चिम भारतको सतारा जिल्लामा बस्छिन्। उनी खेतबारीबीच रहेको एउटा सानो घरमा आफ्ना श्रीमान् र दुई सन्तानसाथ बस्छिन्। उनका एक छोरा र छोरी छन्।

अर्चनाले आफ्नी छोरी उमेरभन्दा ठुली देखिन थालेपछि चिकित्सककहाँ लैजाने निधो गरिन्। त्यसैबीच दिल्लीमा बस्ने राशीले समेत आफ्नी छोरीको शरीरमा परिवर्तनहरू देखिरहे तापनि त्यसलाई सामान्य ठानिरहेकी थिइन्।

उनकी छ वर्षीया छोरीको तौल ४० केजीको थियो र त्यसलाई उनी "स्वस्थ" सन्तान ठानेकी थिइन्।तर एक दिन राशीकी छोरीले अचानक आफ्नो रक्तस्रावको भएको सुनाइन्। चिकित्सककहाँ पुगेपछि उनकी छोरीको महिनावारी सुरु भएको थाहा भयो।

"हामीलाई त्यो स्वीकार्न निकै कठिन भइरहेको थियो। मेरी छोरीले आफूलाई भइरहेको कुरा बुझ्न सकिरहेकी थिइनन्," राशीले भनिन्।त्यसैबेला एक स्थानीय चिकित्सकले अर्चनालाई एक प्रशुतिरोग विशेषज्ञलाई भेट्न सुझाए।

"अर्चनाले आफ्नी छोरीलाई हामीकहाँ ल्याएपछि उनको जाँच गरेर हेर्दा यौवन अवस्थाका सबै लक्षण उनमा पाइए। उनको शरीर १४ देखि १५ वर्षीया किशोरीको

(आईसीएमआर) मा बाल स्वास्थ्य सम्बन्धी अध्ययन विभाग (एनआईआरआरसीएच) की डा सुचित्रा सुर्भीले आफ्नो एक अध्ययनमा समय अगावै यौवन अवस्था सुरु हुने क्रममा वृद्धि देखिएको बताउँछिन्।

न्याश्नल इन्स्टिच्युट फर रिसर्च इन रिप्रोडक्टिभ एण्ड चाइल्ड हेल्थ (आईसीएमआर-एनआईआरआरसीएच) ले दुई हजार जना बालिकाहरूमा गरेको एक अध्ययनले आमाहरू प्रायः त्यस्ता यौवनका लक्षण बुझ्न असफल भएको पाएको थियो।

सो संस्थाले नौ वर्ष मुनिका बालिकाहरूमा समय अगावै देखिने यौवन अवस्थासँग जोडिएर आउने कारक र त्यसका जोखिमबारे अध्ययन गरिरहेको छ। सन् २०२० मा मुम्बईको बाई जेरबाई वाडीया अस्पताल र आईसीएमआर मिलेर छ देखि नौ वर्षबीचका बालिकाहरूमा हुने समय अगावैका यौवन अवस्था सम्बन्धी शिविर सञ्चालन गरिएको थियो।

उक्त अस्पतालको बाल रोग विभागमा काम गर्ने डा सुधा राउले भनिन्ः "छ देखि नौ वर्षबीचका ६० जना बालिकाहरूले समय अगावैको यौवन अवस्था सामना गरेका थिए जसमध्ये केहीको महिनावारी जुनसुकै बेला सुरु हुन सक्थ्यो।" चिकित्सकहरू यसका कारण धेरै प्रकारको हुने ठान्छन्। यससम्बन्धी अध्ययनहरू जारी रहेकाले त्यसको एउटै ठोस कारण भन्न सकिने अवस्था समेत छैन।

उनीहरूका अनुसार विषादी, खानामा प्रयोग हुने प्रिजर्भेटिभ्स , प्रदूषण र मोटोपन यसका केही सम्भावित कारणहरूमध्ये हुन सक्छन्।

मुम्बईमा साना केटीहरूमा देखिने समस्याबारे अध्ययन गरिरहेका डा प्रशान्त पटिलका अनुसार मोटोपन यस्तो अवस्थाका



जस्तो थियो र उनको महिनावारी जुनसुकै बेला सुरु हुन सक्थ्यो," पुणेस्थित मदरहुड अस्पतालका डा सुशील गरुडले भने। डा गरुडका अनुसार ती बालिकामा हर्मोनको तह सामान्यतः उनको उमेरमा हुनेभन्दा निकै नै धेरै थियो। त्यसको कैयौँ कारण हुन सक्छन्।

"अर्चनाले मलाई बताए अनुसार उनको घरमा दुई वटा पाँच केजीका विषादी राखिएका डिब्बा छन् र उनकी छोरी तिनकै छेउछाउ खेल्ने गर्छिन्। त्यसैले यो ती बालिकाको हर्मोनहरू परिवर्तन हुने एउटा मुख्य कारण हुनसक्छ," ती चिकित्सकले भने।

डा गरुडका अनुसार बालबालिकामा हुने समय अगावैका परिवर्तनलाई शीघ्र यौवनकाल भनिन्छ।

यौवन अवस्था भनेको बालक वा बालिकाको शरीरमा परिवर्तनहरू देखा पर्ने, उनीहरूका यौनाङ्गहरू विकास हुन थाल्ने र सन्तान जन्माउने क्षमता विकास गर्ने प्रक्रिया हो।

यसबेला धेरै केटाहरूको जुँगादारी र यौनाङ्ग वरपर रौँ आउने र स्वर धोद्रो हुने गर्छ भने केटीहरूमा यौनाङ्ग वरपर रौँ आउने र स्तनको आकार बढ्ने एवं महिनावारी सुरु हुने गर्छ। केटीहरूका हकमा ८ देखि १३ वर्ष र केटाहरूका हकमा ९ देखि १४ वर्षको उमेरबीचमा यौवन अवस्था सुरु हुनुलाई सामान्य मानिन्छ।

डा वैशाखी रुस्तेगी एकजना बालरोगविज्ञ तथा किशाोरावस्थामा हर्मोनसँग सम्बन्धित रोगका विज्ञ हुन्। उनले साना केटीहरूमा पछिल्ला केही वर्षमा त्यस्तो परिवर्तन देखा परेको बताउँछिन्।

"हामीले केटीहरूमा सुरुवाती शारीरिक परिवर्तनहरू देखिन थालेको १८ महिनादेखि ३ वर्षकाबीचमा महिनावारी हुनेगरेको देख्नेगर्थ्यौँ। अहिले उनीहरूको तीनदेखि चार महिनाकाबीचमै महिनावारी सुरु हुन्छ," उनले बीबीसीसँग भनिन्।

उनले केटाहरूमा समेत यौवन अवस्था सुरु भएको एकदेखि डेढ वर्षमै जुँगादारी पलाउन थालेको समेत सुनाइन्। जबकी विगतमा त्यस्तो विकास हुनका लागि चार वर्षसम्म लाग्ने गर्थ्यो। इन्डिअन इन्स्टिच्युट अफ मेडिकल रिसर्च

लागि एउटा ठूलो जोखिमयुक्त पक्षका रूपमा छ।कोभिड-१९ महामारीका बेला बढेको मोटोपनसँगै यस्तो समस्यामा वृद्धि देखिएको हो।विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)का अनुसार ५ देखि १९ वर्षको उमेर समूहका ३९ करोडभन्दा धेरै बालबालिका र किशोर-किशोरीमा मोटोपनको समस्या देखिन्छ भने त्यसमध्येका १६ करोडमा अत्यधिक मोटोपन रोगकै अवस्थामा छ।

अत्यधिक मोटोपन लामो समयदेखि रहने एउटा जटिल रोगका रूपमा छ जसका कारण शरीरमा अत्यधिक बोसो जम्मा हुँदा स्वास्थ्यमा हानि पुग्छ।

त्यो 'बडी मास इन्डेक्स' (बीएमआई) का आधारमा मापन गरिन्छ जसमा बालबालिका वा किशोर किशोरीहरूको जन्मँदाखेरीको यौनिक अवस्था, उमेर, तौल र उचाइसँग जोडेर हेर्ने गरिन्छ।

मोबाइल फोन, टेलिभिजन वा अन्य स्क्रीनहरू र व्यायामको कमी समेत त्यस्ता जोखिम निम्त्याउने पक्षका रूपमा छन्। डा वैशाखीका अनुसार पछिल्ला दुई वा तीन वर्षमा दैनिकजसो उनको बहिरङ्ग विभागमा पाँचदेखि छजना बालिकाहरूमा महिनावारीको घटना आउने गरेको छ।

"मैले भेट्ने आमाहरूले केटीहरूका हकमा एप्रिल महिनामा परिवर्तनहरू देखिन थाल्ने र जुन-जुलाईमा महिनावारी सुरु हुने बताउँछन्। अहिले केटाहरूका हकमा समेत त्यस्ता घटना देखिँदैछ," उनी भन्छिन्।

उनले स्क्रीन हेरेर बिताइने समयले समेत अप्रत्यक्ष रूपमा समय अगावैको यौवन अवस्था सिर्जना गराउने गर्छ।दुवै अर्चना र राशीका छोरीहरूको कम्तीमा १० वा ११ वर्ष नपुग्दासम्म महिनावारी ढिलो गराउनका लागि उपचार भइरहेको छ।

चिकित्सकहरूले हालको उमेरमा ती बालिकाहरू आफ्नो ख्याल राख्नका लागि परिपक्व नहुने र उनीहरूलाई महिनावारीका बेला सरसफाइ गर्न कठिन हुनसक्ने बताउँछन्।

ती दुवै चिकित्सकहरू समय अगावै यौवन अवस्था सामना गर्ने बालिकाहरूमा मनोवैज्ञानिक समस्याहरू देखा पर्न सक्ने बताउँछन् ।

# ३० वर्षअघि मानिसहरूले सन् २०२५ कस्तो होला भन्ने भविष्यवाणी गरेका थिए?

बीबीसी

काठमाण्डु । ३३० वर्षपछि विश्व कस्तो होला भन्ने अनुमान लगाउन सकिन्छ? सन् १९९५ मा बीबीसीको टुमरोज वर्ल्ड नामको कार्यक्रमको एक भागमा ३० वर्षपछि सन् २०२५ मा विश्व कस्तो होला भन्ने अनुमान लगाइएको थियो।

बीबीसीको अहिले बन्द भइसकेको त्यो कार्यक्रममा त्यो समयका सबैभन्दा प्रख्यात वैज्ञानिकमध्ये एक प्रोफेसर स्टेफन हकिङले अनुमान लगाएका थिए, "सन् २०२५ सम्ममा विशाल परिवर्तनहरू हुने हामी अपेक्षा राख्न सक्छौँ।"

कार्यक्रम टोलीले त्यसमा सहमति जनाउँदै होलोग्राम सर्जरीदेखि अन्तरिक्षमा जम्मा भएको फोहोर सोस्ने जेलसम्म संसार हल्लाउने कुरा हुनेछन् भन्ने अनुमान लगाए।

हेरौँ न त केही विशेषज्ञको मद्दत लिएर टुमरोज वर्ल्डले तीन दशकपछिको आजको विश्वबारे गरेको अनुमान कति सफल हुन पुग्यो।

सन् २००५ को 'साइबरस्पेस झगडा'

सन् १९९५ मा वर्ल्ड वाइड वेबको दायरा निकै विस्तृत भइरहेको थियो - टुमरोज वर्ल्डले त्यो विकासले भविष्यमा समस्या ल्याउनेछ भन्ने सोचेको थियो।

उनीहरूले अनुमान लगाएका थिए कि व्यावसाय क्षेत्रका दिग्गज र ब्याङ्कहरूले सन् २००० सम्ममा इन्टरनेट नियन्त्रणमा लिनेछन् ।

उनीहरूले एउटा सुपरनेट स्थापना गर्नेछन् जसमाथिको पहुँच नियन्त्रित गर्न सक्नेछन्।

त्यसले गर्दा ह्याक, भाइरस र दङ्गालाई बढावा मिल्नेछ। भयो के? - इन्टरनेट अधिकांश खुला रहिरहेको छ। त्यसका कारण खासै दङ्गा भएको छैन। तर ह्याकरहरूले धेरै मानिसलाई दुख दिएको बारे भने कुनै सन्देह छैन।

एउटा कुरा जसको कार्यक्रममा भविष्यवाणी गरिएको थिएन त्यो थियो उत्तर कोरिया जस्ता राष्ट्रको राज्य स्तरीय ह्याकरको भूमिका।

साइबरसेक्युरिटी सुरक्षा सरकार तथा कम्पनीका लागि असाध्यै महत्त्वपूर्ण छ र ब्याङ्कबारे शङ्का प्रकट गर्नेहरूले बिटकोइन जस्ता क्रिप्टोकरेन्सीको समर्थन गरेका छन्।

एस्टेरोइड खानी उत्खनन र अन्तरिक्षको फोहोर सोस्ने जेल

कार्यक्रममा अन्तरिक्षको खानी उत्खनन असाध्यै फाइदा दिने उद्योग बन्न जाने अनुमान लगाइएको थियो।

कम्पनीहरूले पृथ्वीको नजिक रहेका एस्टेरोइडहरूको उत्खनन गरेर मूल्यवान धातु निकाल्नेछन् भनिएको थियो।

कार्यक्रममा अन्तरिक्षको फोहोर धेरै हुनेछ र त्यसले ल्याउने समस्याका कारण अन्तरिक्ष यात्रीको सुरक्षामा समस्या हुनेछ भनिएको थियो। जबाफमा विशाल फोम जेलले फोहोर सोस्न सक्छ भनिएको थियो।

भयो के? - अहिलेसम्म त्यस्तो सुपर जेल त बनेको छैन तर अन्तरिक्षको फोहोरको समस्या चरम छ।



अहिलेसम्म अन्तरिक्ष खानी उद्योग पनि छैन तर पछि त्यस्तो अवस्थामा परिवर्तन आउन सक्छ।

भविष्यवादी टम चीजराइट हाम्रो धर्ती बाहिरको खानी उत्खननबारे आशावादी छन्।

उनी भन्छन्, "हामीसँग पैसा कमाउने धेरै सम्भावनाहरू छन् र प्रविधि सम्पूर्ण रूपमा हाम्रो नियन्त्रणमै छ।"

सुपर सर्जन र उनीहरूको रोबोटहरू

टुमोरोज वर्ल्डको एउटा भविष्यवाणी यस्तो थियोः सन् २००४ सम्म यूकेका सबै अस्पतालमा सर्जनको सफलता दरको तालिका प्रकाशित गर्न एउटा कानुन पारित गरिनेछ।

र उत्कृष्ट शल्यचिकित्सकहरू यसरी लोकप्रिय र धेरै पैसा तिरिनेहरू हुन्छन् कि उनीहरू बिरामीकहाँ जाने भन्ने हुनेछैन।

त्यसको सट्टामा बिरामीहरूको होलोग्राम तस्बिर उनीहरूकहाँ पठाइनेछ र शल्यचिकित्सकहरूले विशेष पन्जा लगाएर शल्यक्रिया गर्नेछन्। बिरामी भएका ठाउँमा रोबोटहरूले डाक्टरको कामको दुरुस्त नक्कल गरेर शल्यक्रिया गर्नेछन्।

भयो के - उनीहरूले ठ्याक्कै त मिलाएनन् तर रोबोटहरूले शल्यक्रियामा सहयोग गरिरहेका छन्।

**हावामा तैरिरहेको एउटा स्मार्ट स्पीकर**

कार्यक्रममा भविष्यको एउटा यस्तो व्यक्ति देखाइएको थियो जसले भीआर हेडसेट लगाइरहेका थिए।

त्यसमा उनकी श्रीमतीलाई पनि देखाइएको थियो र त्यो स्थान आधुनिक लन्डन जस्तो देखिन्थ्यो।

यो कार्यक्रमको एक हिस्सामा तैरिरहेको एकजना महिलाको टाउको स्मार्ट स्पीकर बाहिर निस्केर ती पुरुषलाई भन्छिन् कि इन्डो डिज्नेमा उनले बिदा मनाउन सुरु गरेको १ वर्ष पुगिसकेको छ।

उनले एक 'शटल लिएर ब्याङ्गलोर'मा बिदा मनाउन जान प्रोत्साहन गर्छिन् र त्यसो गर्न जम्मा ४० मिनेट लाग्नेछ भन्छिन्।

भयो के - अल्ट्रा फास्ट यात्रा त परकै कुरा जस्तो लाग्छ तर होलोग्राम, स्मार्ट स्पीकर र भीआर हेडसेट झन् झन् बढी उपलब्ध भइरहेका छन्।

तपाईँको पाखुरामा राखेको माइक्रोचिप प्रयोग गरेर ब्याङ्किङ

कार्यक्रममा ब्याङ्किङको भविष्यको दृश्य देखाइएको थियो।

एकजना महिला ब्याङ्कमा पुग्छिन् त्यहाँ कुनै पनि मान्छे हुँदैनन् उनी १०० यूरो मार्क निकाल्न खोज्छिन् ब्याङ्कले उनको पाखुरामा भएको चिप स्क्यान गरेर पैसा दिन्छ।

भयो के - ब्याङ्किङ साँच्चिकै झन् झन् बढी स्वचालित भइरहेको छ। मानव शरीरको भित्र रहेको माइक्रोचिपबाट भुक्तानी गर्नु एक वास्तविकता बन्दै गएका छन्।

ब्याङ्किङमा औँलाको छाप र अनुहारको स्क्यानको प्रयोग धेरै भइरहेको छ।

**कार्यक्रम प्रस्तोताहरूको संस्मरण**

३० वर्षअघि टुमोरोज वर्ल्डका एक प्रस्तोता थिए मन्टि डन।

उनले चलाएको कार्यक्रममा ब्रिटिश जङ्गलको ठूलो हिस्सा पुनर्जीवित हुने अनुमान गरिएको थियो। त्यसमा जेनेटिक इन्जिनियरिङ र बहुतले कृषि सुविधाको कुरा गरिएको थियो जसका कारण ब्राउन बेअर सहितका जनावर पुनः फर्किएको अनुमान गरिएको थियो।

त्यसबारे उनले बीबीसी न्यूजलाई कार्यक्रममा उनको भागको विषयवस्तु 'युटोपियन' र 'अनुभवहीन' थियो भनेका छन्।

आगामी ३० वर्षको बारे कुरा गर्दै उनी भन्छन्– अहिलेको युवा पुस्ता जलवायु परिवर्तनप्रति असाध्यै संवेदनशील छ र सन् २०५५ सम्ममा मानिसहरूले आफ्नो खाना आफैँ उमार्ने छन्।

उनी थप्छन्– "टुमोरोज वर्ल्डले मानवले विभिन्न परिवर्तन गरेर विश्वमा सुधार ल्याउने अनुमान गरिएको थियो तर हामीले मानवको उत्पत्तिदेखि सिकेको कुरा के हो भने मानिसहरूले कुराहरू झन् बिगार्ने गरेका छन्। खासगरी वातावरणको सन्दर्भमा हामी प्रकृति सँगसँगै काम गर्नुपर्नेमा त्यसलाई परिवर्तन र नियन्त्रण गर्न खोज्छौँ।" कार्यक्रमको अर्की प्रस्तोता थिइन् र उनले औषधीबारेको कुराकानी प्रस्तुत गरेकी थिइन्।

> आगामी ३० वर्षको बारे कुरा गर्दै उनी भन्छन
> अहिलेको युवा पुस्ता जलवायु परिवर्तनप्रति असाध्यै संवेदनशील छ र सन् २०५५ सम्ममा मानिसहरूले आफ्नो खाना आफैँ उमार्ने छन्।
> उनी थप्छन्– "टुमोरोज वर्ल्डले मानवले विभिन्न परिवर्तन गरेर विश्वमा सुधार ल्याउने अनुमान गरिएको थियो तर हामीले मानवको उत्पत्तिदेखि सिकेको कुरा के हो भने मानिसहरूले कुराहरु झन् बिगार्ने गरेका छन्।

उनी त्यो फिल्म खिचेको कुरा खुसीसाथ सम्झन्छिन् र त्यो दिनको शुटिङको अनुभव बताउँछिन्।

"म हलचल नगरीकन बस्नु पर्ने थियो। मेरा आँखामा एउटा सानो क्यामेरा जडेको चस्मा लगाइएको थियो। तिनलाई मेरो अनुहारमा एउटा कालो टाँसिने बस्तुले टाँसिएको थियो।"

"त्यो असाध्यै गर्मी दिन थियो र त्यो कालो पदार्थ मेरो अनुहारमा तल झर्न थाल्यो र म कतै हलचल गर्न नसक्ने अवस्थामा पुगेँ। मेक अप टीमका कोही आएर कटन वूलले सफा गरेर त्यो पुछ्नु परेको थियो।"

भिभिएन सन् २०१३ देखि जीनोमिक्स इङ्गल्यान्डसँग जोडिएकी छन्। उनी सन् १९९५ मा जीनोमिक सिक्वेन्सिङबारे गरेको भविष्यवाणी सत्य साबित भएका छन्।

उनी अहिले जेनेटिक स्वास्थ्य अवस्थाको पहिचान र उपचारबारे गरिएको अनुसन्धानसँग सम्बद्ध छिन्।

**अब ३0 वर्षपछि सन् २०५५ मा विश्व कस्तो होला?**

भविष्यवादी ट्रेसी सन् १९९५ को कार्यक्रममा व्यक्त धेरै विचारहरू सही साबित भएको ठान्छिन्। तर त्यसमा दुई मुख्य कुरा छुटेका ठान्छिन्। ती हुन् ठूला प्रविधि विस्तार र सोसल मिडिया।

उनी ठान्छिन्, "धेरै मानिसहरू सन् २०५५ सम्ममा संज्ञानात्मक रूपमा जोडिएका हुनेछन् - मानिस र प्रविधिका मस्तिष्कहरू सर्भरमार्फत् जोडिनेछन् र तिनले विचार शेअर गर्न मद्दत मिल्नेछ।"

'ब्रेनस्टोर्मिङ' अर्थात् विचार मन्थन साँच्चिकै 'ब्रेनस्टोर्मिङ' नै हुनेछ जहाँ तपाईँले त्यसबारे सोच्दै कुनै आइडिया शेअर गर्न सक्नुहुनेछ।

टम चीजराइट भन्ठान्छन् आगामी ३० वर्षको रोमाञ्चक सम्भावनाका विषय हुनेछन्ः वस्तु विज्ञान र बायोइन्जिनियरिङ।

वस्तुमा कुनै उपकरणको सिर्जना अझ बलियो हुनेछ हल्का र पातलो उपकरणहरूले संसार परिवर्तन गर्न सक्छन्।

कडा नियमहरू सहितको बायोइन्जिनियरिङले औषधी विज्ञानमा विशाल परिवर्तन गर्नेछ जसले मानिसहरूले भोगिरहेका मुख्य समस्याहरू 'डीकार्बोनाइजेशन, स्वच्छ पानी र खाना'को समस्या नियन्त्रण गर्न सक्नेछ।

**अब ३0 वर्षपछि विश्व कस्तो हुनेछ भन्ने तपाई सोच्नुहुन्छ?**

तपाईँको जबाफ जे भए पनि प्रोफेसर हकिन्सले टुमोरोज वर्ल्डलाई भनेका कुरा सुन्न राम्रो हुनेछः

"यी केही परिवर्तनहरू असाध्यै रोमाञ्चक छन्। र, केही चिन्ताजनक पनि। एउटा कुरा हामी निश्चित रूपमा भन्न सक्छौँ कि परिवर्तन असाध्यै फरक किसिमको हुनेछ। र, शायद हामीले सोचेको जस्तो नहुन पनि सक्छ।"

Madhesh Province Government

Ministry of Labor and Transport

Janakpurdham, Dhanusha, Nepal

Invitation of Bid

First Date of Publication: Jan 12, 2025

The Ministry of Labor and Transport, Janakpurdham invites open bid for the following:

The Procurement:

| Contract No. | Decription of Works | Minimum Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Last Date of Bid Purchase | Last Date of Bid Submission / Opening | Bid Security (NRs) Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| MoLT/Works/ NCB/01/081/82 | Construction of two storey steel structure administrative building of MoLT | NRs. 28200000 | Bidder must have completed or substantially completed one multi storey steel building of minimum Plinth Area of 1000 sq.ft. and value NRs. 11300000 | 2081/10/28 | 2081/10/29 | NRs. 8,33,000.00/120 days | NRs. 5000.00 |
| MoLT/Works/ NCB/02/081/82 | Construction of two storey steel structure residential building of MoLT's Minister & Secretary | NRs. 20800000 | Bidder must have completed or substantially completed one multi storey steel building of minimum Plinth Area of 700 sq.ft. and value NRs. 8400000 | 2081/10/28 | 2081/10/29 | NRs. 6,13,000.00/120 days | NRs. 5000.00 |

The bidders are requested to submit their bids through bolpatra.gov.np by the mentioned date and time.

# व्यावसायिक घरबास सेवाको तयारीमा धनकुटाको लाफा गाउँ



धनकुटा । धनकुटाको चौबिसे गाउँपालिका-२ मुढेवास स्थित मगर जातिको एकल बसोबास भएको लाफा गाउँमा घरबास सेवा(होमस्टे) सञ्चालनमा ल्याउने कुरा चलेको धेरै बर्ष भयो ।मगर जातिको बाहुल्य भएको तत्कालीन मुढेवास गाविसअन्तर्गत पर्ने यस लाफा गाउँमा अहिले एकल मगर जातिको मात्र ९५ घरधुरी रहेको छ । स्थानीय तहको पहिलो चुनाव पछि यस स्थान लक्षित गरेर होम स्टे सेवा सञ्चालन गर्ने योजनासँगै प्रदेश सरकारको सहयोगमा यहाँ मगर जातिको कला संस्कृतिको प्रवर्द्धन गर्न मगर जातिको सङ्ग्राहलय बनेको छ ।

त्यस समय बनेको होम स्टे सेवाको योजना भने स्थानीयबासीको ब्यस्तताका कारण कुरामा मात्र सीमित हुनपुगेको पालिका अध्यक्ष राजकुमार लिम्बूले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “गत साल होम स्टे चलाउन तालिमको लागि बजेट छुट्यायौँ तर कसैले नभ्याएकाले काम नै गर्न सकिएन ।’ यस पटक भने जिल्ला घरेलु कार्यालय धनकुटासँग सहकार्य गरेर होम स्टे सेवाको तालिम सञ्चालन गर्न लागिएको लिम्बूले जानकारी दिनुभयो । लामो समयदेखि यस मगर बस्तिमा होम स्टे सञ्चालन गर्न खोजे पनि ब्यवसायिकरुपमा सञ्चालनमा आउन नसकेको स्थानीय पुजन मगरले पनि जानकारी दिनुभयो ।

निर्माणाधिन भेडेटार-रबी-राँके राजमार्गमा पर्ने यस क्षेत्रमा हुने बिभिन्न कार्यक्रममा खान र बस्न समस्या हुने देखिएकाले निकट भबिष्यमा होम स्टे सेवा सञ्चालनमा ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

यहाँका मगर जाति परम्परागतरुपमा कृषि पेशामा आवद्ध रहिआएको र कृषिबाटै मनग्य आमदानी हुने भएकाले यसतर्फ ध्यान नदिँदा होम स्टे सञ्चालन चर्चामा सीमित रहेको अर्का स्थानीय अमृत देव थापाको भनाइ छ ।योजनावद्ध होम स्टे नचलाए पनि यहाँ बस्न आउने पाहुनाहरुलाई सबैले घरमा लगेर राख्ने गरेका छन्,” उहाँले भन्नुभयो ।

लेकाली क्षेत्रमा पर्ने यस गाउँमा खानेपानी अभाव भएपनि चिस्यान रहिरहने भएकाले बर्खे सिजनमा यहाँ कोपी र आलुको प्रसस्त मात्रमा खेती हुने गरेको छ ।मगरका अनुसार यहाँका हरेक परिवारले कम मेहनेतबाट आर्ग्यानिक तरकारी खेती गरेर वार्षिक तीनदेखि पाँच लाखसम्म सहजरुपमा कमाउने गरेका छन् । यसका साथै यहाँका प्रत्येक घरले कम्तिमा एकदेखि तीन वटासम्म उन्नत जातको गाईं, भैँसी, साथमा अनिवार्य बाख्रा, सुङ्गुर पाल्ने गरेका छन् ।

पहिला यहाँका मान्छे आलु लिएर अन्नसँग साट्न बेंसीतिर जाने गर्दथे । तर बिस्तारै सडक सञ्चालले गाउँ जोडिएपछि बजारसम्म किसानहरुको पहुँच पुग्न थाल्यो । चालिस ४० वर्षीया मगरले भन्नुभयो, “अहिले त तरकारी बारीसम्म बाटो खनेर लगेको छ,ब्यपारि त्यही गाडि लगेर सब्जी उठाउँछन् ।’ यसरी धेरै दुःखबाट अहिले वार्षिकरुपमा सबैले मनग्य आमन्दानी गर्नेभएकाले यहाँका मगर समुदायमा वैदेशिक रोजगार, ब्यपार साथै घरबास सेवामा पनि तुरुन्त आकर्षित नभएको मगरको भनाइ छ ।हिउँदभरी खेतबारी मलिलो बनाउन र बर्खामा खेती गर्न ब्यस्त भएकाले पनि अन्य क्षेत्रको स्वाद पाउन नसक्दा होम स्टे सञ्चालनमा नआएको तर अब भने विस्तारै सबैजना सञ्चालनको तरखरमा रहेको उहाँको भनाइ छ ।

यस ठाउँमा घरबास सेवा नितान्त आवस्यक भएपनि समुदायका मानिस अत्यन्तै ब्यस्त भएकाले होम स्टे सञ्चालनमा ढिलाई भएको गाउँबासी तथा पालिकाकी उपाध्यक्ष टंकमायाँ पाङ्मी मगरको पनि भनाइ छ ।होम स्टेमार्फत यहाँको पर्यटन बिकास तथा मगर जातिको संस्कृति प्रवर्द्धन गर्दै उनीहरुलाई आर्थिक उपार्जनको क्षेत्रमा पनि जोड्न सकिने भएकाले यहाँ घरबास सेवा सञ्चालन कार्यान्वयनको तयारीमा रहेको मगरले जानकारी दिनुभयो ।रासस

# थारू समुदायले टुँडिखेलमा दुई दिन माघी महोत्सव मनाउने

काठमाण्डु । थारू समुदायले यही पुस २९ गते र माघ १ गते काठमाडौँको टुँडिखेलमा माघी महोत्सव मनाउने भएको छ ।

टुँडिखेलमा दुई दिन माघी महोत्सव मनाउन लागिएको थारू राष्ट्रिय माघी महोत्सव, मूल आयोजक समितिका संयोजक एवं थारू कल्याणकारिणीसभाका नवनिर्वाचित अध्यक्ष प्रेमिलाल चौधरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “२०५९ सालदेखि काठमाडौँमा माघी महोत्सव मनाउँदै आएका छौँ । थारू समुदायको नयाँ वर्ष भएकाले थारू भाषा, संस्कृति र जनचेतनाको लागि दुईदिन महोत्सव मनाउने निर्णय गरेका हौँ । पहिलो दिन जिता मर्ना र रक्तदान कार्यक्रम राखेका छौँ भने दोस्रो दिन माघी महोत्सव आयोजना गर्नेछौँ ।”

उहाँका अनुसार माघी महोत्सवको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुहुनेछ । यस वर्ष ‘थारू संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा हाम्रो अभियान, समानुपातिक समावेशी पहुँचका लागि सम्पूर्णमा आह्वान’ भन्ने नारासहति माघी पर्व मनाउन लागिएको हो ।

उहाँका अनुसार माघी सफल बनाउन मूल आयोजक समिति मातहतमा विभिन्न उपसमितिहरू गठन गरिएको छ । बीसभन्दा थारू



सङ्घसंस्थाको संयुक्त आयोजनामा हुने माघी महोत्सवमा २०८१ मा यस वर्ष थारू खानपिन/परिकार, प्रदर्शनी एवं बिक्री, थारू सीप हस्तकला, पुस्तक प्रदर्शनीलगायतका करिब सयभन्दा बढी स्टल रहने उहाँले बताउनुभयो ।

प्रचारप्रसार गर्ने उद्देश्यका साथ र्‍याली पुस २७ गते शनिबार बिहान ७ बजे मोटरसाइकल र्‍याली तीनकुनेबाट सुरू भई भृकुटीमण्डपमा समापन हुनेछ भने माघ १ गते बिहान १० बजे थारू संस्कृति, वेशभूषा, बाजागाजा, सङ्घ संस्थाको तुल ब्यानरसहित न्यूरोड, वसन्तपुरमा जम्मा भई झाँकी र्‍याली प्रदर्शनसहित रत्नपार्क, शहीदगेट, सुन्धारा परिक्रमा गरी मूलसमारोह टुँडिखेलमा सरिक अध्यक्ष चौधरीको भनाइ छ ।

उहाँका अनुसार पुस २९ गते टुँडिखेलमा रक्तदान कार्यक्रम र साँझमा जिता मार्ने कार्यक्रम राखिएको छ । रक्तदान कार्यक्रमको संयोजन पुष्पा चौधरीले गर्नुहुनेछ भने जिता मार्ने कार्यक्रमको संयोजन बर्दियाली थारू विकास मञ्चले गरेको छ ।

यस्तै महोत्सवमा थारू सांस्कृतिक नृत्य तथा गीत (मघौटा, सखिया, हुर्दगंवा, झुम्रा, छोक्रा, दिन्नचुवा, रागनी, बडोनाच, होरी, झर्रा, लठ्हवा, मुग्रंहवा नाचसहित दुई दर्जनभन्दा धेरै सुन्दर नृत्य तथा गीतको धमाकेदार प्रस्तुति रहने सांस्कृतिक उपसमितिका संयोजक नन्दुराज चौधरीले जानकारी दिनुभयो ।

महोत्सवमा थारू जातिले माघीपर्वमा खाने विशेष खाना परिकार (ढिक्री, अन्डिक भात, विचरी, तिलको लड्डु, लाइमुरी, भुजा, बन्डी जाँडको झोल, दारू, केराको तरूवा, सखरखण्ड, खरिया, सुँगुर र बङ्गुरको मासु, परेवाको मासु, माछा, घोघी, गङ्गटो, सिधरा, मसुलार) रहनेछन् ।

बालु सिन्की, बयरको चटनी, वरिया, चामलको गुरी, काथ्या रोटी, अन्डिक रोटी, तेलपौर रोटीलगायत विभिन्न परिकारको राखिने छ । महोत्सवमा देशभरका थारू समुदायको उपस्थिति रहने छ । हस्तकला, पुस्तक प्रदर्शनी एवं बिक्री वितरणमा थारू हस्तकला तथा थारू जातिका बारेमा लेखिएका, प्रकाशन भएका विभिन्न पत्रपत्रिका, ऐतिहासिक पुस्तक, पुस्तिका, जर्नल, प्रदर्शनीमा राखिनेछ ।

साथै हस्तकलाका सामग्री वेशभूषाः गोन्या (गुन्यु) चोल्या (चोलो), लेहङ्गा, भेग्वा, अंगुछा, धोती, लङ्गौटी, धोती, कुर्ता, आँचर खडकी, घंघरिया, चौबन्दी टोपी, मन्द्रक झालरसहित अन्यमा ढकिया, ढक्ली, डेल्वा, भौंका, भौंकी, फेर्वा, पैनसटोपी, डेलिया आदि हस्तकलाका सामग्रीप्रदर्शनीमा राखिने छ । महोत्सवमा सहभागी भएकाले मन पराएका हस्तकला तथा पुस्तकहरू निश्चित दरमा खरिद गर्न सक्नेछन् ।महोत्सवलाई व्यवस्थापन गर्न तथा सफल बनाउनको लागि करिब रू २१ लाख खर्च हुने अनुमान गरिएको मूल आयोजकले जनाएको छ ।रासस

# यस्तो छ विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कले निर्धारण गरेको दर अनुसार शनिबार पुनः अमेरिकी डलरको मूल्य उकालो लागेर हालसम्मकै उच्च बिन्दुमा पुगेको छ ।

यस्तै, अधिकांश विदेशी मुद्राको भाउमा शनिबार वृद्धि भएको छ । विनिमयदर अनुसार, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, अष्ट्रेलियन डलर, सिङ्गापुर डलर, चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, थाई भाट, युएई दिराम, मलेसियन रिङ्गेट, स्विडिस क्रोनर,डेनिस क्रोनर, हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको मूल्य बढेको छ ।

निधौरित विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिदर एक सय ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ८५



पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर एक सय ४१ रुपैयाँ ४० पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ०२ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ६८ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ६९ रुपैयाँ ४८पैसा, स्विस फ्र्याङ्क एकको खरिदर एक सय ५० रुपैयाँ १६ पैसा र बिक्रीदर एक सय ५० रुपैयाँ ८२ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिदर ८४ रुपैयाँ ९५ पैसा र बिक्रीदर ८५ रुपैयाँ ३२ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ २९ पैसा र बिक्रीदर ९५ रुपैयाँ ७१ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रुपैयाँ ३४ पैसा र बिक्रीदर एक सय रुपैयाँ ७७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर आठ रुपैयाँ ६८ पैसा र बिक्रीदर आठ रुपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ७२ पैसा र बिक्रीदर १८ रुपैयाँ ८० पैसा,साउदी अरेबियन रियाल एकको खरिदर ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८१ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिदर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसो, युएई दिराम एकको खरिदर ३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५३ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ५२ पैसा र बिक्रीदर ३० रुपैयाँ ६६ पैसा,साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, स्विडिस क्रोनर एकको खरिदर १२ रुपैयाँ ३१ पैसा र बिक्रीदर १२ रुपैयाँ ३६ पैसा र डेनिस क्रोनर एकको खरिदर १८ रुपैयाँ ९५ पैसा र बिक्री दर १९ रुपैयाँ ०३ तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ६३ पैसा र बिक्रीदर १७ रुपैयाँ ७१ पैसा, कुवेती दिनार एकको खरिदर चार सय ४४ रुपैयाँ ९९ पैसा र बिक्रीदर चार सय ४६ रुपैयाँ ९३ पैसा, बहराइन दिनार एकको खरिदर तीन सय ६४ रुपैयाँ ०८ पैसा र बिक्रीदर तीन सय ६५ रुपैयाँ ६७ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५६ रुपैयाँ ५२ पैसा र बिक्रीदर तीन सय ५८ रुपैयाँ ०८ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिदर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस


## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०९/२८ गते)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ माघ ०६ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**जनकपुर, धनुषा शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
| --- | --- |
| नेपाल सरकार, वाणिज्य तथा आर्पूती मन्त्रालय, वाणिज्य तथा आर्पूती व्यवस्थापन बिभाग, जनकपुर, धनुषामा मिति २०७३/१०/११ मा प्रा.फ.र.नं. ९६६३/९६८/०७३/०७४ कायम भई दर्ता रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २१ स्थित रजिष्टर्ड कार्यालय रहेको **साह किराना स्टोर्स ।**<br>**प्रोप्राईटर -इन्द्र साह** | १. **इन्द्र साह**को नाममा मालपोत कार्यालय धनुष(ामा दर्ता कायम रहेको धनुषा जिल्ला, कुर्था गा.बि.स वडा नं. ०७ स्थित कित्ता नं. ६१३ को क्षेत्रफल ०-०-५-१ (वि-क-धु-क) घर/जग्गा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

| व्यक्तिगत जमानीकर्ताहरूको विवरण | |
| --- | --- |
| १. **इन्द्र साह**<br>ना.प्र.नं.: ५१६५२६३५<br>जारी मिति : २०४४/११/२५, जि.प्र.का धनुषा<br>बाबु : लक्ष्मण साह<br>बाजे :चेथरु साह<br>स्थायी ठेगाना: धनुषा जिल्ला, कुर्था गा.वि.स., वडा नं.०६<br>हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर .उ.म..न.पा., वडा नं. २१<br>२. **कौशिल्या देवी साह**<br>ना.प्र.नं.:१८३७<br>जारी मिति :२०६३/०५/०४, जि.प्र.का धनुषा<br>बाबु : सुखदेव साह तेली<br>ससुरा :लक्ष्मण साह<br>स्थायी ठेगाना: धनुषा जिल्ला, कुर्था गा.वि.स., वडा नं.०६<br>हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर .उ.म..न.पा., वडा नं. २१ | ३. **विरेन्द्र साह**<br>ना.प्र.नं.: १७१०८३/६८७<br>जारी मिति : २०७०/०२/२६, जि.प्र.का धनुषा<br>बाबु : इन्द्र साह<br>बाजे : लक्ष्मण साह<br>स्थायी ठेगाना: धनुषा जिल्ला, कुर्था गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर .उ.म..न.पा., वडा नं. २१ |

**विराटनगर, मोरङ शाखा**

| १. ऋणीको विवरण |
| --- |
| क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग, वाणिज्य कार्यालय, विराटनगर, मोरङ्गमा मिति २०७१/०१/१४ मा प्रा.फ.र.नं. २६२२४ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा,. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **स्काई हार्डवेयर एण्ड जेनरल स्टोर ।**<br>**प्रोप्राईटर - छोटेलाल यादव** |

| व्यक्तिगत जमानीकर्ताको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
| --- | --- |
| १. **सविता कुमारी यादव**<br>ना.प्र.नं.- ०५३०८०/ज. ८७२<br>जारी मिति - २०६३/१२/१९, जि.प्र.का. मोरङ<br>बाबु - राम विलास यादव<br>बाजे- राम स्वरुप यादव<br>ससुरा - जुगाई यादव<br>पति - छोटेलाल यादव<br>स्थायी ठेगाना- मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १५<br>हालको ठेगाना- विराटनगर म.न.पा ३ (साबिक विराटनगर उ.म.न.पा. वडा नं. ०४) | १. **छोटेलाल यादव**को नाममा मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ०४ (साबिक अमाही इकाइ गा.वि.स., वडा नं. ०४ स्थित कित्ता नं. ९०६ र १०२३ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-३-७-० जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

**धनगढीमाई, सिरहा शाखा**

| १. ऋणीको विवरण | प्रोप्राईटरको विवरण |
| --- | --- |
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७७/०८/२२ मा प्रा.फ.र.नं. १३११५/२०७७/०७८ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लक्ष्मीपुर प्र.म गा.वि.स/न.पा वडा नं. ८ (हाल विष्णुपुर गा.पा. वडा नं. ५) स्थित रजिष्टर्ड कार्यालय रहेको **रिया फेन्सी पसल ।** | **वेवी कुमारी साह**<br>ना.प्र.नं.- १५१०७८/१६७४<br>जारी मिति - २०६९/६/११, जि.प्र.का. सिरहा<br>बाबु - रामदेव साह<br>पति- सुनिल कुमार साह<br>स्थायी ठेगाना- सिरहा जिल्ला, विष्णुपुर गा.पा. वडा नं. ५, (साविक सिरहा जिल्ला लक्ष्मीपुर प्र.म. वडा न. ०४)<br>हालको ठेगाना- ऐ.ऐ |

| व्यक्तिगत जमानीकर्ताको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
| --- | --- |
| १. **सुनील कुमार साह**<br>ना.प्र.नं.- १८१६१४०८<br>जारी मिति - २०६१/०५/१० जि.प्र.का. सिरहा<br>बाबु - राम प्रकाश हलुवाई<br>बाजे - कन्तु साह<br>स्थायी ठेगाना- सिरहा जिल्ला, विष्णुपुर गा.पा. वडा नं. ५, (साविक सिरहा जिल्ला लक्ष्मीपुर प्र.म. वडा न. ०४)<br>हालको ठेगाना- ऐ.ऐ | १. **वेवी कुमारी साह**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमाननगर प्र.म. गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३१४९ को क्षे.फ. ०-१-३-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात । |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ माघ ०५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ माघ ०६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तरगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ माघ ०६ गते आइतबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# श्रीराम मन्दिरको वार्षिकोत्सव जानकी मन्दिरमा मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । विश्व हिन्दू परिषद् नेपालले अयोध्यास्थित नवनिर्मित श्रीराम मन्दिरको वार्षिकोत्सव तथा प्राणप्रतिष्ठाको अवसरमा जनकपुरधाममा विशेष कार्यक्रम आयोजना गरी मनाइएको छ ।

जनकपुरधामस्थित जानकी मन्दिरमा शनिबार उत्सव अन्तर्गत रंगोली प्रतियोगिता र दीप प्रज्जवलन गरी मनाइएको छ । श्रीराम मन्दिर निर्माणको संघर्ष र बलिदानको इतिहासलाई जनसमक्ष ल्याउने उद्देश्यले कार्यक्रमको आयोजन गरिएको छ।

विश्व हिन्दू परिषद धनुषाका युवा प्रमुख मोहन हिन्दुले यस उत्सवको महत्वको बारेमा चर्चा गर्दै भने, श्रीराम मन्दिरको निर्माणको इतिहास, यसका साथमा भएको संघर्ष र बलिदानको कथालाई जनमानसमा ल्याउनु हाम्रो मुख्य उद्देश्य रहेको बताए । सो कार्यक्रमको मुख्य आकर्षण मध्ये एक डकुमेन्ट्री प्रदर्शन गर्ने तयारी गरिएको छ ।

> श्रीराम मन्दिर निर्माणको संघर्ष र बलिदानको इतिहासलाई जनसमक्ष ल्याउने उद्देश्यले कार्यक्रमको आयोजन गरिएको छ ।

यो डकुमेन्ट्री आधुनिक प्रोजेक्टरमार्फत श्रीराम मन्दिरको निर्माणको इतिहास र यसमा भएका चुनौतीहरूको बारेमा जानकारी दिनेछ । यस डकुमेन्ट्रीले श्रीराम मन्दिरको निर्माण संघर्षको बारेमा जनतालाई थप जागरुक पार्नेछ र यस मन्दिरको महत्वलाई प्रष्ट्याइएको छ ।

श्रीराम मन्दिरको निर्माण इतिहासको स्मरण गर्दै यस उत्सवलाई थप भव्य र समृद्ध बनाउन सम्पूर्ण जनकपुरधामवासीको सक्रिय सहभागीता र समर्थनको अपेक्षा गरिएको जनाइएको छ ।

# वीरगञ्जलाई आर्थिक राजधानी घोषणा नगरे आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्ज। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि भ्रष्टाचारीलाई संरक्षण गरेको गम्भीर आरोप लगाएका छन् ।




वीरगञ्जमा शनिबार पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले मुलुकमा व्याप्त भ्रष्टाचारको विरुद्धमा आजसपाले आयोजना गरेको शक्ति प्रदर्शन एवम् विरोध सभामा बोल्दै उनले प्रधानमन्त्रीले भ्रष्टाचारीलाई संरक्षण गरेको आरोप लगाए ।

अहिलेको सरकारकै संरक्षण र मिलेमतोमा देशमा भ्रष्टाचार बढिरहेको अध्यक्ष साहले आरोप लगाए । उनले भने, 'यो सरकारले आफै भ्रष्टाचारीलाई संरक्षण गरेको छ। भ्रष्टाचारीलाई जोगाउने र बचाउने काम गरेको छ । यसले भ्रष्टाचारीलाई संरक्षणसमेत गरेको छ । म दाबीका साथ भन्छु यो सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन ।'

उनले प्रधानमन्त्री ओली भ्रष्टाचार नियन्त्रण गर्न पूरै असफल भएको दाबी छ। अध्यक्ष साहले भने, 'विभिन्न भ्रष्टाचारका काण्डमा ओलीकै नाम जोडिन्छ । तर ती काण्डको बारेमा कहिल्यै छानबिन हुदैन । यो देशका ठुला काण्डको फाईल सरकारले लुकाएर राखेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरु भ्रष्टाचारमै संलग्न छन् । यी लुटेराहरुले देशलाई लुटेर कंगाल बनाइसके, राज्यको ढुकुटी लुटेका छन्, विदेशमा पैसा थुपारेका छन् । यिनीहरुबाट देश समृद्ध हुदैन् ।'

अहिलेको सरकारले नेपाली जनतामाथि विदेशी ऋणको भारी बोकाएको र राज्यको ढुकुटी लुटेर रित्याउने काम गरेको उनको भनाइ छ ।

उनले साहले वीरगञ्जलाई देशको आर्थिक राजधानी घोषणा गर्न सरकारसमक्ष माग गरेका छन् । वीरगञ्जको इतिहास, गौरव र सम्मान फर्काउनको लागि आफ्नो दल शत्तिसालभैं खडा हुने पनि उनको उद्घोष छ । अहिलेका शासक वर्गले वीरगञ्जको गौरवलाई मेटाउन खोजेको उनको आरोप छ । तत्काल वीरगञ्जलाई मुलुकको आर्थिक राजधानी घोषणा नगरिए आजपाले आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने उनले चेतावनी बताए ।

अध्यक्ष साहले भने, 'शासक वर्गले वीरगञ्जको इतिहास, गौरव अनि सम्मान मेटाउन खोजिरहेका छन् । ती अपराधि शासकहरुको लागि वीरगञ्ज त दुहुना गाईजस्तै भएको छ, यहाँबाट राजस्वमात्रै लिने तर वीरगञ्जको विकासमा कुनै योगदान गरेका छैनन् । हामी वीरगञ्जलाई जसरी पनि देशको आर्थिक राजधानी घोषणा गराएरै छोड्छौं । प्रभु साह त्यसको लागि जस्तोसुकै मूल्य चुकाउन तयार छ । मेरो पार्टी तयार छ ।' अध्यक्ष साहले वीरगञ्जले मुलुकलाई बुझाएको राजश्वको अनूपातमा विकास नगरिए अब आफूहरुलाई सह्य नहुने चेतावनी दिए ।

सो कार्यक्रममा आजपाका पर्सा जिल्ला अध्यक्ष विश्वराज पटेलको अध्यक्षतामा भएको सभामा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष समिना हुसेन, अशोक लामा, नेताहरु राजन यादव, सियाराम कुशवाहा, उमेश कुशवाहा, रन्जु साह, बबिता साह लगायतको सहभागिता रहेको थियो ।

# राजश्रीको कुल शेयर पुँजी ८१ करोडभन्दा बढी

**बखतियार अलि**

मलंगवा । मधेश प्रदेशका पूर्वअर्थमन्त्री संजय कुमार यादवले देशकै सबैभन्दा ठूलो सहकारी संस्था राजश्री सेविंग्स् एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेड रहेको बताएका छन् ।

२५ हजार शेयर पुजीबाट संचालन भएको यो संस्था अहिले ८१ करोड बढी शेयर पुँजी बनाउन सफल भएकोमा यस संस्थामा कार्यरत कर्मचारी, फिल्ड कार्यकर्ता बधाईको पात्र रहेको पुर्वमन्त्री यादवले बताए ।

मलंगवामा रहेको राजश्री सेविंग्स् एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेडको २४ औं वार्षिक साधारण सभामा बोल्दै उनले राजश्रीको प्रशंसा गरे । सो संस्थाका कार्यकारी अध्यक्ष नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको साधारणसभाको उद्घाटन पूर्व अर्थमन्त्री संजय कुमार यादव गरेका थिए। संस्थाका प्रबन्ध निर्देशक राम लक्षण रायले स्वागत मन्तव्य राखेको कार्यक्रममा कार्यकारी अध्यक्ष नागेन्द्र प्रसाद यादवले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष यादवले एक वर्षको अवधिमा संस्थाले १९ अर्व ३६ करोड ७० लाख ३८ हजार १५८ रुपैयाँ निक्षेप संकलन गरेको जानकारी गराएका छन् । संस्थाले १४ अर्ब ३२ करोड ६१ लाख ६७ हजार ३११ रुपैया ऋण लगानी गरेको कुरा पनि उनले बताए । कार्यकारी अध्यक्ष यादवले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा गएको आर्थिक वर्षमा संस्थाले १ करोड १ लाख ३० हजार ६ सय ३१ रुपैयाँ नाफा कमाउन पनि सफल भएको जनाएका थिए ।




२४ औं वार्षिक साधारण सभाको अवसरमा अध्यक्ष यादवले ६० वर्ष पुरा गरि अवकास प्राप्त गरेका रामप्रीत महतो, सुबोध कुमार जयसवाल, जगदिस प्रसाद रस्तोगी र राजेन्द्र प्रसाद साहलाई संस्था प्रति पुऱ्याउनु भएको योगदान र कामको उच्च मुल्यांकन गर्दै कदर-पत्र सहित दोसल्लाह ओढाएर सम्मान गरे ।

सो अवसरमा संस्थाको तर्फबाट कार्यकारी अध्यक्ष यादवले सबै भन्दा बढी करोड ९ करोड ८४ लाख २५ हजार ९ सय ८३ रुपैया निक्षेप संकलन गरेर सर्वोउत्कृष्ट फिल्ड कर्मचारी बन्न सफल भएका मलंगवाका खुशीलाल रायलाई कदरपत्र र पुरस्कृतसहित सम्मान गरे । यादवसंगै ८ करोड ८२ लाख ५ हजार ८० रुपैयाँ निक्षेप संकलन गरेर दोस्रो स्थान हासिल गर्न सफल मलंगवाकै सतीश कुमार मल्लिक र सेवाकेन्द्र जनकपुरका सुनिल प्रसाद सिंहले ७ करोड ७३ लाख ६६ हजार ३ सय ५ रुपैयाँ निक्षेप संकलन गरेर तेस्रो स्थान हासिल गर्न सफल भएका दुवै जनालाई पनि कार्यकारी अध्यक्ष यादवले कदर पत्र र पुरस्कारले सम्मानित गरे । सो कार्यक्रममा मधेश प्रदेश दलित आयोगका अध्यक्ष राम प्रवेश बैठा, संस्थाका मुख्य प्रबन्धक राजनहरी श्रेष्ठ, प्रबन्ध निर्देशक राम लक्षण राय, लेखा समिति सदस्य मोहन श्रेष्ठ लेखा संयोजक रामबाबु प्रसाद साह, भुपु डिभिजन सहकारी कार्यालय प्रमुख सुरेन्द्र लाल कर्ण लगायत संस्थामा कार्यरत कर्मचारी, फिल्ड कार्यकर्ता, सेयरधनी, बचतकर्तालगायतको उपस्थिति रहेको थियो ।

# पृथ्वी नारायण शाहको भेषभूषामा युवक




**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बर्दिबासमा एक युवकले पृथ्वी जयन्तीको अवसरमा पृथ्वी नारायण शाहको भेषभूषामा सजिएर राष्ट्रिय एकता दिवस मनाएको छ ।बर्दिबासमा शनिबार होटेल गौतमको प्रांगणमा ३०३औँ पृथ्वी जयन्तीको अवसरमा पृथ्वी नारायण शाहको भेषभूषामा सजिएर राष्ट्रिय एकता दिवस मनाएको छ ।

# ठूलो मात्रामा चरेश बरामद, तस्कर फरार

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा प्रहरीले ठूलो मात्रामा चरेश बरामद गरे पनि कारोबारी फरार भएका छन् । प्रहरीले पर्साको पटेर्वा सुगौली गाउँपालिकाबाट लगभग १० किलो चरेश बरामद गरेको छ ।

पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ५ स्थित देउरियाबाट ९ किलो ९ सय ग्राम लागूऔषध चरेश बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ। शुक्रबार राति गस्तीमा खटेको प्रहरी टोलीले करिब ९ बजे सो परिमाणको चरेश बरामद गरेको जनाइएको छ।

ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाको कमान्डमा खटेको प्रहरीको गस्ती टोलिले गहुँ खेतबाट फालिएको अवस्थामा चरेश बरामद गरेपनि कारोबारीहरु भाग्न सफल भएको स्थानियहरुले जनाएका छन् । थापाका अनुसार गस्ती गर्ने क्रममा प्रहरीलाई देख्ने बित्तिकै मोटरसाइकलमा आईरहेको अपरिचित ब्यक्तीले गहुँ खेतमा बोराको पोका फालेर मोटरसाइकलमा भागेका थिए ।


बोराको पोका खोलेर हेर्दा १८ वटा पोकामा चरेस रहेको र नापतौल गर्दा ९ किलो १०० ग्राम रहेको प्रहरी निरिक्षक थापाले बताए । चरेश कस्को र कहाँ लग्न खोजिएको थियो भन्ने सम्बन्धमा अनुसन्धान भईरहेको थापाको भनाइ छ ।

# गाउँपालिकामा हुलाक सेवा शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाले "एक पालिका, एक हुलाक" अवधारणालाई कार्यान्वयन गरेको छ ।

जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका-७ स्थित लक्ष्मीनियाँ बजारमा हुलाक कार्यालयको उद्घाटन गरेको छ ।





उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले हुलाक कार्यालयले सेवा सुचारु गर्दा गाउँपालिकाका जनताले सुलभ र प्रभावकारी हुलाक सेवा प्राप्त गर्ने विश्वास गरे । सरकारी सेवाहरू गाउँगाउँसम्म पुऱ्याउन सरकारको यस प्रयासलाई प्रशंसा गर्दै हुलाक कार्यालयले डिजिटल युगमा पनि महत्व रहेको बताए ।

सो कार्यक्रममा हुलाक निर्देशनालय जनकपुरका निमित्त हुलाक निर्देशक लाल झाले हुलाक सेवाको ऐतिहासिक महत्त्व र ग्रामीण क्षेत्रमा यसको पहुँचका फाइदाहरूबारे जानकारी गराए । उनले यस कार्यालयबाट स्थानीय तहमा सरकारी तथा व्यक्तिगत पत्राचार र अन्य सन्देश सेवा सहज रूपमा सञ्चालन गरिने बताए ।

हुलाक कार्यालय सुचारु भएपछि पत्राचार, पार्सल सेवा, सरकारी सूचना आदानप्रदानलगायतका सुविधा प्रदान गर्नेछ । सो सेवा ग्रामीण क्षेत्रमा सरकारी सेवाहरूको पहुँच विस्तार गर्ने सरकारको महत्वपूर्ण कदम रहेको छ ।

# प्रा.डा. शाह र रजिष्ट्रार प्रा.डा. यादव सम्मानित



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. अंकुर शाह र रजिष्ट्रार प्रा.डा. विनोदकुमार यादवलाई कदर पत्रसहित सम्मान गरिएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहले उपकुलपति प्रा.डा. शाह र रजिष्ट्रार प्रा.डा. यादवलाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबिबिएस चिकित्सा शास्त्रमा स्नातक कक्षा सञ्चालन भएको अवसरमा एक कार्यक्रमबीच कदरपत्रसहित सम्मान गरेका छन् ।

सो कदरपत्रमा जीवनको गुणस्तर सुधार, असंख्य प्राणरक्षण र कल्याणका लागि चिकित्सा विज्ञान, नयाँ उपचार र प्रविधि विकास, अध्ययन तथा अनुसन्धान प्रवर्द्धन गर्न मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबिबिएस चिकित्सा शास्त्रमा स्नातक कक्षा थालेको उल्लेख गर्दै कदरपत्र प्रदान गरिएको जनाइएको छ । यसका अतिरिक्त प्रतिष्ठानले चिकित्सा सम्वद्ध चार विषयमा स्नातक र चिकित्सा शास्त्रका चार विषयमा स्नातकोत्तर अध्ययन अध्यापन गराइरहेको छ ।

उपकुलपति प्रा.डा. शाह र रजिष्ट्रार प्रा.डा. यादवको सक्रियता र समन्वयको प्रशंसा गर्दै मुख्यमन्त्री सिंहले प्रतिष्ठानलाई चिकित्सा विज्ञान अध्ययन अध्यापन हुने प्राज्ञिक थलोमा परिणत गरेकाले मधेश प्रदेश सरकारले सम्मानित गरेको थियो ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८